मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily



पहिरन माथि टिप्पणी...
पृष्ठ ८ मा

● वर्ष १ ● अंक ५४ ● २०७९ साल पुस १८ गते सोमवार ● Monday 2, Jan. 2023 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# मधेश सरकारको नेतृत्व जसपाले पाउने

## एमालेबाट बढी मन्त्री, माओवादी र जनमतको पनि सहभागिता



मधेशदृष्टि
जनकपुरधाम, १७ पुस। मधेश प्रदेशमा सरकार बन्ने अन्यौलता रहेको बीच जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकारको नेतृत्व पाउने सहमति भएको बुझिएको छ।

उच्च स्रोतका अनुसार जसपाका अध्यक्ष उपेन्द्र यादव, एमालेका अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डबीच भएको सहमतिमा मधेश प्रदेशको सरकारको नेतृत्व जसपाले गर्ने सहमति भएको हो।

सरकारको नेतृत्व पाएका जसपामा दलको नेता बन्न हानथाप सुरु भएको छ। स्रोतका अनुसार जसपाले मुख्यमन्त्री र २ जना मन्त्री पाउने छन्। प्रदेश सरकारमा एमालेबाट बढी मन्त्री रहने छन् भने सरकारमा माओवादी र जनमत पार्टीको पनि सहभागिता रहेनछ।

जसपा संसदीय दलको नेता चयन भएपछि मात्र मधेश प्रदेशले नयाँ मुख्यमन्त्री पाउने छ। दलका नेता बन्न जसपामा लबिङ्ग तिव्र रुपमा आकांक्षी गरिरहेका छन। जसपाबाट वर्तमान मुख्यमन्त्री लालबाबु राउत, निवर्तमान सभामुख सरोजकुमार यादव, पार्टी उपनेता रामआशिष यादव र सांसद मनिष सुमन आकांक्षी रहेका छन।

जसपाले यही पुस १८ र १९ गते बस्ने पार्टीको राजनीतिक समितिको बैठकबाट दलीय नेता चयनका लागि निर्वाचनको मिति तोक्नेछ। निर्वाचनको प्रक्रिया गरिएपनि सहमतिबाटै दलको नेता चयन गरिनेछ। हुनत अन्तिम निर्णय अध्यक्ष उपेन्द्र यादवकै हुनेछ। अंक गणितको हिसाबले नयाँ बनेको सात
- बाँकी पृष्ठ ६ मा

## संसद छिर्ने दाउमा अध्यक्ष यादव



जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले संसद् छिर्ने रणनीति अघि बढाएका छन्।

संसद् छिर्ने रणनीति अनुसार नै उनले रामसहायप्रसाद यादवलाई पार्टीको संसदीय दलको नेता बनाएको जसपाका नेताहरूको स्वीकारोक्ति छ।रामसहायप्रसाद यादव संसदीय दलको नेता बनेपछि उपेन्द्र संसद् छिर्नका लागि वातावरण बनेको नेताहरूको टिप्पणी रहेको छ।

तर यसका लागि अध्यक्ष यादवले थप सफलता प्राप्त गर्नुपर्नेछ। संसद् छिर्ने अध्यक्ष यादवको आकांक्षाका कारण जसपाका संघीय परिषद् अध्यक्ष अशोक राई संसदीय दलको नेतामा उम्मेदवार बन्न पाएन। गएको ४ मंसिरको चुनावमा अध्यक्ष उपेन्द्र यादव सप्तरी-२ बाट पराजित भएपछि उनी संसद छिर्न रणनीतिमा लागेका छन।

जसपाका सांसद सुशीला श्रेष्ठका अनुसार पार्टीभित्र संसदीय दलको नेतामा राईको सम्भावना बढी थियो। तर अध्यक्ष यादवको कारण परिस्थिति बदलियो। उनी भन्छिन्, 'अध्यक्षज्यूले निर्णय गरेपछि पार्टीको निर्णय भनेर सबैलाई मान्नु नै परयो, अनि रामसहायजी निर्विरोध संसदीय दलको नेता चयन गरियो। जसपाले उपराष्ट्रपतिमा दाबी गरेको छ। श्रोतका अनुसार अध्यक्ष यादवले उपराष्ट्रपति पाएको खण्डमा हाल संसदीय दलको नेता रहेका रामसहायप्रसाद यादवलाई अगाडि बढाउनेछ। उपेन्द्र उपराष्ट्रपति लिएर रामसहायप्रसाद यादवलाई
- बाँकी पृष्ठ ६ मा

### निजगढ अन्तर्राष्ट्रिय विमान स्थल निर्माणमा

# प्रधानमन्त्रीको घोषणाले जनतामा पलायो आश




मधेशदृष्टि
वीरगंज १७ पुस।
सर्वोच्च अदालतले निजगढमा अन्तर्राष्ट्रिय विमान स्थल निर्माणमा अवरोध हुने गरी गरेको फैसला पछि सुस्ताएको विमान स्थल निर्माणको काम प्रचण्ड नेतृत्वको सरकार बनेसँगै यसले गति लिने आश पलाएको छ।

करीब ८ महिना देखि ठप्प रहेको निजगढ अन्तर ष्ट्रिय विमान स्थल निर्माण कार्य प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डले आइतवार पोखरामा आयोजित कार्यक्रममा निजगढ अन्तर्राष्ट्रिय विमान स्थल निर्माण कार्य अब छिट्टै अगाडी बढने घोषणा गरेसँगै पुनः रोकिएको काम सुचारु हुने आस पलाएको हो।

पोखरा अन्तर्राष्ट्रिय विमानास्थलको उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले निजगढ अन्तर्राष्ट्रिय विमानास्थलको विषय उठाएर सरकारको ध्यान अब निजगढ अन्तर्राष्ट्रिय विमान स्थल तर्फ केन्द्रित भएको बताएका छन।

निजगढ विमान स्थलबारे सर्वोच्च अदालतले दिएको आदेशपछि निर्माण अघि बढाउनेसम्बन्धमा अन्योल रहेको बेला प्रधानमन्त्रीबाटै विमान स्थल निर्माण कार्य तत्काल सुरु गर्ने प्रतिबद्धता व्यक्त गरेपछि निजगढ
- बाँकी पृष्ठ ६ मा

# आज प्रदेश सभाको बैठक बस्दै

मधेशदृष्टि
जनकपुरधाम, १७ पुस। मधेश प्रदेशको प्रदेशसभाको नयाँ अधिवेशनको पहिलो बैठक सोमवार बस्दैछ। नवनिर्वाचित प्रदेशसभा सदस्यहरुको शपथग्रहण पछि प्रदेशसभाको पहिलो बैठक बस्न लागेको हो। प्रदेशसभा सदस्यहरुको शपथ ग्रहण लगत्तै प्रदेश प्रमुख हरिशंकर मिश्रले पुस १८ गतेका लागि प्रदेशसभाको बैठक आह्वान गरेका हुन्। सोमवार बस्न लागेको बैठकमा प्रदेश प्रमुखले अधिवेशन आह्वान गरेको पत्र प्रदेशसभा सदस्यहरुलाई पढेर सुनाउने पहिलो कार्यसूची रहेको छ भने यसका साथै नयाँ प्रदेशसभा नियमावली नबनेसम्मका लागि पुरानै नियमावलीलाई अनुमोदन गर्ने कार्यसूची रहेको प्रदेशसभा सचिवालयका सचिव रंजित यादवले जानकारी दिएका छन्।

प्रदेशसभाको बैठकमा सभामुखको चुनाव नभएसम्मका लागि अध्यक्ष मण्डल चयन गरिने छ। प्रत्येक दलको प्रतिनिधित्व हुने गरी अध्यक्ष मण्डल बनाइने उनले बताए। त्यस्तै प्रत्येक दलबाट संसदीय दलको नेता वा प्रतिनिधिले शुभकामना मन्तव्य राख्ने कार्यसूचि रहेको छ।




बैठकबाट प्रदेशसभाको सभामुख उपसभामुख चयनका लागि मनोनयन दर्ताको मिति तोकिने कार्यसूची समेत रहेको सचिव यादवले बताए। यसअघि सर्वदलिय बैठकबाट सभामुख उपसभामुख चयनका लागि पुस ३० गते मनोनयन दर्ताको मिति निर्धारण गरि सकिएको छ। मनोयन दर्तापछि माघ २ गते सभामुखका लागि निर्वाचन हुनेछ।

# नयाँ वर्ष मनाउनेहरुको जानकी मन्दिरमा भीड



मधेशदृष्टि
जनकपुरधाम, १७ पुस। इस्वी संवत् २०२३ मनाउन जनकपुरधाम आउने भारतीय पर्यटकहरूको उल्लेख्य संख्यामा वृद्धि भएको छ। अंग्रेजी वर्ष मनाउनेहरुको जनकपुरधाम स्थित जानकी मन्दिर सहितका मठ मन्दिरमा निकै भीडभाड देखियो। नयाँ वर्ष २०२३ को पहिलो दिन आइतवार जनकपुरधामको श्री जानकी मन्दिर, श्री राम र श्री राजदेवी मन्दिर र बाबा भुतथान मन्दिर (स्वर्गद्वारी) सहितका धार्मिक स्थलहरुमा अत्याधिक भिडभाड देखियो।

नयाँ वर्ष मनाउनका लागि आन्तरिक पर्यटकका साथै भारतको बिहार, उत्तर प्रदेश, मध्य प्रदेश, उत्तराखण्ड सहितको ठाउँबाट ठुलो संख्यामा ५० हजारभन्दा बढी पर्यटकहरू जनकपुरधाम आएका छन्। सबभन्दा बढी जानकी मन्दिरमा बिहानदेखि नै माता जानकीको दर्शन तथा पूजापाठ गर्न आन्तरिक तथा भारतीय पर्यटकहरूको घुइँचो लागेको थियो।

मन्दिरमा प्रसाद चढाउनेहरुको साथै जानकी मन्दिर परिसरमै रहेको म्युजिय हेर्न समेत दिनभरि दर्शनालुहरुको लामो लाइन लागेको थियो। नयाँ वर्षको पहिलो दिन आईतवार पर्न गएकाले पनि यस दिन शाकाहारी बस्नेहरुको संख्या अत्याधिक भएको कारण मन्दिरमा पुजापाठ गर्नेहरुको भिडभाड बढी भीड देखियो। जनकपुरधामका होटल व्यवसायीहरुको अनुसार शनिवार र आइतवार रातिसम्म जनकपुरधामको कुनै पनि होटल खाली थिएन भने भारतीय पर्यटकहरु राती १ र २ बजे सम्म पनि कोठा खोज्दै गरेको देखिएको थियो।

भारतीय पर्यटकहरू नयाँ वर्षभन्दा एक दिन अगाडी अर्थात् शनिबार नै जनकपुरधाम आएर होटलमा बास बसेर आइतवार बिहान जानकी मन्दिर, राममन्दिर सहितका मठ मन्दिरहरूमा पूजाअराधना गरेका छन्। घर परिवारसहित नयाँ वर्ष मनाउनका लागि जनकपुरधामका होटलहरु शनिवारदेखि नै कतिपय भारतीय पर्यटकहरूले बुक गरेका थिए।

कोरोना संक्रमण जोखिम यता पहिलो पटक जनकपुरधाम बजारमा यतिको बढी संख्यामा भारतीय नम्वर प्लेटका गाडीहरुको चहलपहल देखिएको छ। नयाँ वर्षमा मन्दिरहरूमा पूजा पाठ गर्नाले विशेष फल प्राप्त हुने र वर्षभरि राम्रोसँग बित्ने विश्वासले भारतको विभिन्न भागबाट आफ्नो सवारी साधन लिएर भारतीय पर्यटकहरू जनकपुरधाम आएका थिए। भारतीय पर्यटकहरूको सवारी साधनको व्यवस्थापन गर्नमा ट्राफिक प्रहरी बिहानदेखि रातिसम्म जुटेका थिए।

यता जनकपुरधाममा पूजापाठ तथा रमाइलो गर्नका लागि धनुषाको जटही नाकाबाट नेपाल आउने कतिपय पर्यटकहरूलाई भन्सार दर्तामा लाइन बस्नुपर्ने समस्या भएकाले नाकाबाट फर्केको गुनासो गरेका छन्। जटही नाकामा एएटा मात्र काउन्टर भएकाले सवारी साधनको दर्ता गराउनमा दुई घण्टा लाइन लागेकाले असहजता उत्पन्न भएको पर्यटकहरू बताउँछन्। यसैगरि महोत्तरीका भिठामोड नाकाबाट भारतीय पर्यटकहरू ठूलो सङ्ख्यामा नेपाल प्रवेश गरेको छ।यसैबीच अङ्ग्रेजी नयाँ वर्षमा वनभोज खानेहरूको सङ्ख्या पनि जनकपुरधामका पर्यटकीय स्थलहरूमा अत्यधिक मात्रामा देखिएको छ।

जनकपुरधामको कवर्ड हल, मानव सुशासन विकास केन्द्रको क्षेत्र, दुग्धमति क्षेत्र, धनुषाको परशुराम तलाउ, धनुषाधाम, मिथिला नगरपालिकाको पोखरीया, गणेशमान चारनाथ नगरपालिकाको कमलासहितको क्षेत्रमा वनभोज गर्ने तथा रमाइलो गर्नेको बिहानदेखि नै भिड देखिएको थियो।

# आजपाले प्रदेशका जिल्लाहरुमा तोके संयोजक

## जसपाका जिल्ला सचिव लगायतका नेताहरु गरे आजपामा प्रवेश

मधेशदृष्टि
जनकपुरधाम, १७ पुस। प्रभु शाह नेतृत्वको आम जनता पार्टीले मधेस प्रदेका आठ वटै जिल्लामा अध्यक्ष, सचिव र इन्चार्जको जिम्मेवारी तोकेको छ।

पार्टीको अन्तरिम विधान, २०७९ बमोजिम प्रदेशका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी जिल्लाका नेताहरुको जिम्मेवारी तोकिएको अध्यक्ष प्रभु शाहले विज्ञप्ति मार्फत जानकारी दिएका छन्। एमाले छाडेर स्वतन्त्र लडेको शाहले हालै नयाँ पार्टीको घोषणा गरेका थिए। पर्साको संयोजकमा कदम रसुल्ल, इन्चार्जमा बाबुराम कौशिक, बाराको संयोजकमा उमेश कुशवाहा, इन्चार्जमा अशोक लामा, रौतहटको संयोजकमा धर्मेन्द्र पटेल, इन्चार्जमा त्रिभुवन साह, सर्लाहीको संयोजकमा तुल्सी प्रसाद हुमागाई, इन्चार्जमा रिता देवी, महोत्तरीको संयोजकमा विजय साह, इन्चार्जमा राधेश्याम साह, धनुषाको संयोजक र इन्चार्जमा श्रीलाल महासेठ, सिरहाको संयोजकमा उदय साह, इन्चार्जमा बिल्टु यादव र सप्तरीको संयोजकमा शिवकुमार महरा इन्चार्जमा आर.डी, आजादलाई जिम्मेवारी तोकिएको छ। यसैबीच जनता समाजवादी पार्टी नेपालका रौतहट जिल्ला सचिव लखिन्द्र यादव लगायतका नेताहरु प्रभु साह नेतृत्वको नवगठित आम जनता पार्टीमा प्रवेश गरेका छन्।

आइतबार आजपा अध्यक्ष प्रभु साहले आफ्नो निवासमा यादवलाई माला लगाई पार्टीमा प्रवेश गराएको प्रचारप्रसार



विभाग उपप्रमुख निवेश यादवले जानकारी दिएका छन्।

सचिव यादवसहित जसपाका प्रभावशाली नेता सर्जुग राय यादव र लालबाबु राय यादव पनि आजपा प्रवेश गरेका छन्। यही पुस ६ गते यादवलाई जसपाले जिल्ला सचिवको जिम्मेवारी दिइएको थियो। हालै सम्पन्न प्रदेश र प्रतिनिधिसभा सदस्य निर्वाचनको वेला जसपाका जिल्ला अध्यक्ष धर्मेन्द्र पटेल अधिकांश जिल्ला सदस्यसहित साह नेतृत्वको स्वतन्त्र उम्मेदवार जिताउ अभियानमा प्रवेश गरेका थिए।

# नयाँ वर्षमा पनि हात्तीसार सुनसान, हात्तीको आतंक जारी


शारदा पोखरेल

बारा, १७ पुस। वर्षेनी अंग्रेजी नयाँ वर्षको पहिलो दिन आन्तरिक तथा भारतिय पर्यटकहरुको खचाखच भिड लाग्ने बाराको अम्लेखगञ्ज स्थित हात्तीसार यसवर्ष सुनसान देखिएको छ।

हात्तीसारमा रहेका घरेलु हात्तीहरुलाई 'यमगज' नामक जंगली भाले हात्तीले दुखं दिएपछि पर्सा राष्ट्रिय निकुञ्जले हात्तीसारका हात्तीहरुलाई अन्यत्र स्थानान्तरण गरेको हो। हात्तीसफारीमा प्रयोग हुने हात्तीहरुलाई निकुञ्जको रामभोरी भाटामा सारेपछि अंग्रेजी नयाँ वर्षमा हात्तीसार सुनसान भएको हो।

यसअघि अंग्रेजी नयाँ वर्ष बिशेष गरेर डिसेम्बर महिनामा छिमेकी मुलुक भारतबाट सयौ संख्यामा आएका भारतिय पर्यटकहरुका कारण हात्तीसारमा छुट्टै खालको चहलपहल तथा लाखौ रुपयाँ राजस्व समेत संकलन हुने गर्दथ्यो।

अम्लेखगञ्ज स्थित हात्तीसारका इन्चार्ज जलेन्द्रप्रसाद चौधरीले बिगतका वर्षहरुमा नोभेम्बर र डिसेम्बर महिनाभर निकुञ्जमा भारतिय पर्यटक भिड लाग्ने गरेको बताए। 'यो डिसेम्बर महिनामा मात्रै सयौ भारतियहरु हात्ती चढेर निकुञ्ज घुम्न आउथे, अहिले जंगली हात्तीको डरले सबैतिर सुनसान छ, हात्तीसारको आम्दानी पनि सबै सुकेर गयो' उनले भने 'सफारीको लागि आजभोली पनि धेरै मान्छेको फोन आउछ कति आएर फर्कन्छन्' निकुञ्जले हात्ती सफारीका लागि आउने भारतिय पर्यटकबाट प्रतिव्यक्ती निकुञ्ज प्रवेश शुल्क र हात्तीसफारी गरेर २ हजार २ सय नेपाली पर्यटकबाट ६ सय रुपयाँ शुल्क लिदै आएको थियो।



तर पछिल्लो २ महिनादेखि सफारी बन्द भएपछि हात्तीसारको आम्दानीको श्रोत समेत बन्द भएको ईन्चार्ज चौधरीले जनाएका छन्।

'यमगज' नाम जंगली भाले हात्तीले हात्तीसारमा रहेका घरेलु पोथी हात्तीलाई दुख दिने, बस्तीमा छिरेर स्थानियहरुको घरगोठ भत्काउन ति हात्तीहरुलाई निकुञ्जले निकुञ्जको कोर क्षेत्र रामहोरी भाटामा स्थानान्तरण गरेको हो।

होटल तथा पर्यटन व्यवसायी मोहन शर्माले जंगली हात्तीको आंतकको कारण सफारीमा प्रयोग हुने घरेलु हात्तीहरुलाई अन्यत्र सार्दा पर्यटन सम्वन्धि सम्पुर्ण गतिविधि ठप्प भएको बताए। 'पर्यटकहरुले निकुञ्ज भित्र गाडीमा भन्दा पनि हात्तीमा सफारी गर्न बढी रुचाउछन्, जंगली हात्तीको आतंक कारण अहिले पर्यटन सम्वन्धि गतिविधि मात्रै होईन हात्तीसार वरपरका हेटलहरु समेत सुनसान छन्' पर्यटन व्यवसायी शर्माले भने 'बिगतमा यो मसौममा हजारौको संख्यामा भारतिय तथा आन्तरिक पर्यटकहरु निकुञ्ज घुम्न आउदा होटलहरुमा समेत चहलपहल हुन्थ्यो'। मधेश प्रदेशमा पर्यटकिय स्थलहरुकमा तेस्रो मुलुकका पर्यटक आउन त्यति रुचाउदैनन्।

यहाँको मुख्य आयश्रोत भनेकै भारतिय पर्यटकहरु हुन्। पर्सा राष्ट्रिय निकुञ्ज मधेशप्रदेशकै एक मात्र निकुञ्ज हो। मधेशप्रदेशका ८ वटै जिल्लामा आन्तरिक पर्यटकहरु पर्सा निकुञ्ज हुदै चितवनको सौराहा,पोखरा, काठमाडौ घुम्ने गर्दछन्।

पछिल्लो समय मुलुकमा देखिएको आर्थिक मन्दी र सिमरा-पोखरा उडान बन्द हुदाँ पनि यो क्षेत्रमा पर्यटन सम्वन्धि गतिविधि बढ्न नसकेको पर्यटन व्यवसायी शर्माले जनाएका छन्।

बिगतमा अग्रेजी नयाँ सालमा भारतिय पर्यटकहरुले प्याकेज नै बनाएर पर्सा राष्ट्रिय निकुञ्जभित्र हात्ती सफारी गरेर वन्यजन्तु अवलोकन गर्ने चितवनको सौराहा हुदै काठमाडौ, पोखरा घुम्ने गर्दथे। पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत अशोक रामले निकुञ्जभित्र घुम्न आउन चाहने पर्यटकहरुका लागि हात्ती सफारी बाहेक अन्य सुविधा खुला भएपनि यसवर्ष खासै चहलपहल नभएको बताए। 'हात्ती सफारीका लागि धेरै पर्यटकहरुको फोन आउछ, जंगली हात्तीको कारण निकुञ्ज भित्र पर्यटन सम्वन्धि गतिविधि ठप्प छ, हामी पनि धेरै समस्यामा छौ, निकुञ्जको राजस्व पनि मरेको छ' प्रमुख संरक्षण अधिकृत अशोकरामले भने। निकुञ्जभित्र बिशेषगरी पर्यटकहरु हात्ती सफारीको माध्यमबाट पाटे बाघ, गैडा, गौरीगाँई चित्तल हेर्न रुचाउने गर्दछन्।

# राजविराजमा १४ दिने पुस्तक मेला

विनय कर्ण

सप्तरी, १७ पुस। साभ्ना प्रकाशनले राजविराजमा बृहत पुस्तक मेलाको आयोजना गरेको छ।

साहित्यकर्मी एवं दहेजमुक्त मिथिला समाजकी राष्ट्रिय संयोजक करुणा झाले आईतवार उक्त मेलाको उदघाटन गरेकी छिन्। उनले यस्ता पुस्तक मेलाले सम्पुर्ण भाषा, साहित्य, कला र संस्कृतीको श्रीबृद्धिमा टेवा पुऱ्याउने विश्वास ब्यक्त गरेकी छिन्। अन्तराष्ट्रिय मैथिली परिषद नेपालको महासचिव समेत रहेकी झाले अन्य भाषा संगै मैथिली भाषा र साहित्यका पुस्तकहरु पनि बढी प्रकाशनमा ल्याउनु पर्नेमा दिईन्।

"विषेश गरी मधेश प्रदेशमा भाषा, साहित्य, कला संस्कृतीका पुस्तकहरुको अध्ययन गर्ने पाठकको संख्या कम छ, यस्तो छुट सहितको पुस्तक मेलाले त्यस्ता पाठकलाई आर्कषण गर्छ" उनले भनिन्।



शाखा प्रबन्धक मनोज माझीले पठन संस्कृतीको विकास तथा ज्ञानबर्द्धक उपयोगी पुस्तकको बिक्री वितरण बृद्धि गर्ने उदेश्यले पुस्तक मेलाको आयोजना गरिएको जानकारी दिए।

१४ दिन सम्म चल्ने सो पुस्तक मेलामा विभिन्न साहित्य, कला, इतिहास, धार्मिक ग्रन्थ, बाल साहित्य, शब्दकोष संग सम्बन्धित २ हजार ५ सय भन्दा बढी शिर्षकका पुस्तकहरु राखिएका छन्। १ हजार ६ सय भन्दा बढी लेखकको कृती राखिएको पुस्तक मेला पुष ३० सम्म चल्ने छ। मेला अवधि भर पुस्तकमा विक्रीमा २५ देखी ५० प्रतिशत सम्म छुटको व्यवस्था मिलाइएको साभ्ना प्रकाशन राजविराजले जनाएको छ।

# अंग्रेजी नयाँ बर्षमा रौतहटको पर्यटकिय स्थल भरिभराउ

मुकेश कुमार साह

रौतहट, १७ पुस। रौतहट जिल्लाका बिभिन्न पर्यटकिय स्थल आइतवार भरिभराउ देखिएको छ।

अंग्रेजी नयां बर्षको अवसरमा रौतहटका बिभिन्न स्थानमा रहेको पर्यटकिय स्थल भरी भराउ भएको हो। जिल्लाको चन्द्रपुर नगरपालिकामा रहेको नुनथर, डावरी, गैडाटारको धामीपाक, चन्द्रनिगाहपुरको सहिद स्मृतीपार्क, गुजरामा रहेको पार्कमा जिल्लाभरीकातथाजिल्लाबाहिरका पर्यटकलेआइतवारभरिभराउभएको थियो।

रौतहटको बागमतीमा रहेको नुनथरमा भारत देखीका मान्छे पिकनिकका लागि आएको स्थानीय समिर बाबु कार्कीले बताए। चन्द्रपुर नगरपालिकाको बिभिन्न स्थानमा रहेका पार्क तथा पर्यटकिय स्थालमा पछिल्लो समय आन्तरिक पर्यटकको भिड लाग्न थालेको छ।

अंग्रेजी नयाँ बर्ष २०२३ को अवसरमा नुनथरमा पर्यटकको भिडनै लागेको थियो। रौतहट जिल्लाको नयागन्तब्यका रुपमा रहेको चन्द्रपुर ३ गैडाटारमा रहेको तिलेश्वर नाथपर्यटकिय स्थाल, धामीपार्कमा समेत यो बर्षको नयां बर्ष मनाउन आउनेको भिड लागेको स्थानीयले बताए।

यता हरेक बर्ष झैं यस बर्ष पनिनुनथरमा थामीनसक्नु पर्यटकको भिड लागेको स्थानीयको भनाइ रहेको छ। १ सय वर्षभन्दा बढी पुरानो शिवमन्दिर र



त्यँहाको नुनिलो पानीका कारण यो क्षेत्र धार्मिक र पर्यटकीय महत्त्वले प्रख्यात छ। यही पानी नबिराई दुई वर्षसम्म खाएमा कुष्ठरोग चर्म रोग निको हुने जनविश्वास छ।

नुनथर आफ्नै किसिमको मान्यता बोकेको विषयवस्तुले गर्दा निकै प्रसद्धि छ। विविधताएवम् प्रकृतिको मनमोहक दृश्यावलोकन, मिठासयुक्त नुनिलो पानीको स्वादचाख्न, वनभोजका र शिवको मन्दिर दर्शनकालागिभारतबाट समेत पर्यटकहरू आउँछन्।

उत्तरतर्फको भिमबाध महाभारत पात्र महावली भीमले बागमतीमा बाँध लगाएर चुरेको भित्री खण्ड सिंचाइगर्न बनाइएको भनिन्छ। उनको प्रेरणाले सत्कार्यपूर्ण आकार लिननसके पनिअवशेषको रुपमा रहेको भीमबाँध ड्यामले प्रमाणित गरेको छ। ५ पाण्डव वनवासका बेला भीमसेनले चुरेको भित्री खण्ड मात्रनभई भावरका केही सुख्खा भूमागमा सिंचाइगर्न चाहेका थिए।

तर शकुनिले गँगटाको रुप लिएर बाधभत्काएको हुदाकार्य अधुरो रहेको किंवदन्ती छ। यहा छिमेकीजिल्ला सर्लाही, धनुषा, महोत्तरी, बारा, पर्सा, मकवानपुरका मानिसहरू यहाँ घुम्न आउछन्।

परापूर्वकाल देखिको बिश्वासको धरोहर बागमती नदीले पाउँ पखालि दिने ठुलो चट्टानमा अबस्थित नुनथर मन्दिर छ। त्यसै चट्टानमा ठुलो शिवको मुर्ति पनि स्थापित छ। बागमती नदि वारपार गरेर बनाईएको कलात्मक सुन्दर बागमती ब्यारेज छ। त्यस ब्यारेजको सुन्दरताले परै बाट यस तर्फ पर्यटकलाई आकर्षित गर्दछ। नुनथर मन्दिरको ठिक पारी सर्लाही हरिहर क्षेत्रमा सुन्दर कलात्मक पंहेलो रंगमा धातुले निर्माण गरिएको बुद्धको प्रतिमा छ।

नुनथर मन्दिर बाट पारी हरिहर क्षेत्र पुगेर बुद्ध प्रतिमादर्शन गर्न सजिलो होस भनीबागमतीनदिमाथि सुन्दर झोलुङ्गे पुलनिर्माण गरिएको छ। त्यस झोलुङ्गे पुल बाट चारै तिर अतिमनमोहक रमणिय दृष्य देख्न पाईन्छ। त्यस पुल बाट एकै पटक चार जिल्ला रौतहट, सिन्धुली, मकवानपुर र सर्लाही देख्न सकिन्छ। यो ठांउ चार जिल्लाको संगम रहेकोले केही समयको पैदलयात्रा बाटै चार जिल्लाको भुमि टेक्न सकिने हुंनाले पनिनुनथर प्रख्यात छ।

नुनथर बाटै चुरे पर्वत सुरू हुने भएकोले बिशेष गरी बयस्क युवा युवती हरू र अन्यपर्यटक हरू बिभिन्न जातका चरा चुरूङ्गीहरूको चिरबिर चिरबिर मिठो आवाज संगै रमणिय हरियो जंगलको यात्रामा रमाई रमाई चुरे हाईकीङ गर्दै मकवानपुर सिमाना संम्मपुगि राई गांउहोम स्टेमा पुगेर लोकल कुखुरा, बागमतीको माछा र तामागुन्द्रुक संग फापर, कोदो र मकैको ढिंडो खान रुचाउँछन्।

# समुदाय-प्रहरी साझेदारीमा जनचेतनामूलक कार्यक्रम

आरके श्रीवास्तव

गरुडा, १७ पुस। रौतहटमा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत समुदाय-प्रहरी ,वडा समितिहरुको आयोजना र ईलाका प्रहरी कार्यालय कटहरिया, प्रहरी चौकी बडहर्वा रौतहटको सहयोगमा आइतवार सोही वडाका स्थानियको सहभागितामा जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

जिल्लाको कटहरिया नगरपालिका वडा नम्बर ४ स्थित रहेको सार्वजनिक भवनमा कोभिड-१९ सम्बन्धी जानकारी तथा अपनाउनु पर्ने सावधानीहरु "सम्बन्धी जनचेतनामूलक कार्यक्रम भयो भने दुर्गाभगवती गाउपालिका वडा नम्बर ५ स्थित रहेको बागमती बाँध टोलमा शितलहरबाट कसरी बच्ने उपाय सम्बन्धी जनचेतनामूलक कार्यक्रम भएको प्रहरीले जनाएको छ।

# वैदेशिक रोजगारमा जाने प्रलोभनमा ठगिए युवाहरु

डम्बर राई

कञ्चनरुप, १७ पुस। बैदेशिक रोजगारमा जान इच्छुक युवाहरुलाई राम्रो काममा पठाइदिन्छु भन्दै लाखौ रकम लिइएर फरार भएका दलाल पाँच महिना बित्नै लाग्दा पनि सम्पर्कमा आएन।

बुटवल उपमहानगरपालिका २ बस्ने ठेगाना बताउँदै आएका दिल कुमार शाही (खड्गी) ले काठमाण्डौमा सप्तरी कञ्चनरुप १२ का प्रेम नारायण श्रेष्ठ, मिलन विश्वकर्मा, संजिव विश्वकर्मा, अरविन्द विश्वकर्मा, मिलन राई, पूर्ण बहादुर विश्वकर्मा, मोरंगका दिनेश मगर र उदयपुरका भूपेन विश्वकर्मासंग छ लाख चालिस हजार रुपैयाँ लिइएर शाही सम्पर्कमा नआएको पिडितहरुले आइतवार दुखेसो गरे।

भिषाका लागि मेनपावर समक्ष काठमाण्डौ पुगेका युवाहरुलाई शाहीले जुन देश गएपनि राम्रो काममा पठाइदिन्छु भन्दै केहि डकुमेन्टस् छाडेर आए लगत्तै घरबाट रकम पठाएका थिए। आफुहरु बैदेशिक रोजगारका सपना देखेर विश्वासका साथ राजविराजबाट एन सीसी बैंकमा भएको उनको सेभिङ्ग बैक खाता नम्वर" ०१६००००२१७४१एस" मा भदौ ५ गते दुईलाख २५ हजार र एभरेष्ट बैंक खाता नम्वर ०७९१३६००२६२२६००००००१ मा भदौ ३ गते रु एकलाख र भदौ ५ गते ५०हजार गरी तीन लाख ७५ हजार शाहीको खातामा जम्मा गरिदिइएको बैंक भाउचार पिडितले देखाए।

बैंक जम्मा बाहेक दुइलाख ६५ हजार रुपैयाँ नगदै बुझेको प्रेम नारायण श्रेष्ठले बताए। उनको अनुसार जनही रु ८० हजारका दरले तत्काल आठजनाले रु छ लाख ४० हजार जम्मा गरेका छौ। रकम जम्मा गर्न अगाडि शाहीले हामीहरुसंग सम्झौता गरेका थिए।

श्रेष्ठले भने उनले हामीलाई दिइएको समयावधि भित्र बिदेश पठाउन नसकेको खण्डमा हाम्रो रुपैयाँको व्याज सहित एक महिनामा रकम फिर्ता गर्ने सम्झौता थियो। सम्झौतानुसार शाहीले पिडित मध्येका एकजना प्रेम नारायण श्रेष्ठको नाममा एनसिसि बैंक बुटवल शाखाको चेक काटेर दिइएको थियो। शाहीले मिति नलेखिएको पाना नम्वर ००१३७५९९१८ को सातलाखको चेक काटेर दिइएको हो।

आफुहरुलाई एक महिनामा उडाउने सर्त गरेको मान्छे सम्पर्क विहिन भएपछि आफुहरुले उनले दिइएको चेकबाट आफ्नो फँसेको रकम उठाउन बैक पुग्दा बैकले पैसा नभएको बताए। यस अघि उनलाई सम्पर्क गर्दा तिमीहरुको काम हुदैछ म गरिहाल्छु भन्दै थियो तर एक महिना बितिसकेपछि उनी सम्पर्क विहिन भयो। मान्छे पनि सम्पर्क विहिन बैंकमा पैसापनि छैन बिदेश जाने रकमपनि त्यहि दलालले खाइदियो यस्तो कथाव्यथा गाउदै हिडेका छन् पिडितहरु !

उनले दिइएको सम्पर्क नम्वरमा महिलाले फोन उठाउछ र उ घरमा छैन कहाँ किन गयो भन्न सक्दिन भन्दै कुरा गराउदैन पिडित मिलनले भने महिलाले शाहीको पत्नी हुँ भन्दै आएकी छन्। आफुहरुले उनलाई काठमाण्डौका प्राय धेरै मेनपावर र उनको चिनजान तथा सम्पर्क स्थानमा खोजी सक्यौ सायद उनी काठमाण्डौमा नै छैन पिडितहरुको कथन छ।

उनले हामी चिनेका र जानेका मान्छे होइन तर हामीहरु काठमाण्डौका जुन होटेलमा बस्यौ तेसै होटेलमा एकजना नजिकका दाईले मेनपावरमा काम गर्ने इमान्दार मान्छे हुनुहुन्छ उहाँले कम पैसामा भनेकै काममा बिदेश पठाउदै आउनु भएको छ भनेर होटेलमै चिनाएपछि आफुहरुले पनि विश्वासमा कागजात सहित पैसा दिइएको पिडितहरुको भनाई छ। उनको सहि ठेगाना आफुहरुलाई थाहा नभएका कारण प्रहरी प्रशासनमा उजुरी दिन सकिएन यसैका लागि सम्बन्धित निकायसंग परामर्श तथा आवश्यक सल्लाह चाहिएकाले सोको खोजीमा आफुहरु निस्किएको उनीहरुले बताए।



## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रोकिएका काम पुन: सुरु हुन सक्छन्। जोशजाँगर र उमङ्ग बढ्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ। आफन्तको प्रगतिमा मन रमाउनेछ। नयाँ कार्यको अवसर मिल्नेछ। जोशजाँगर पनि बढ्नेछ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
मन भावुक र उत्ताउलो बन्नेछ। अनावश्यक ठाउँमा धन खर्च हुनेछ। जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। सरकारी निकायको भय पनि रहला।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ। विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ। जोशजाँगर र हिम्मत बढ्नेछ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कुनै कुराले मन निक्कै प्रसन्न हुन सक्छ। गरेका कामबाट राम्रै लाभ हुनेछ। दैनिक कार्यमा प्रगति हुनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज मिष्ठान्न भोजनको अवसर मिल्नेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। आफूले अरुलाई प्रभावित पारेर काम बन्नेछ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज निर्णय कार्यान्वयन हुन सक्दैनन्। आत्मबलमा कमी आउनेछ। मनमा दुबिधा उत्पन्न हुनेछ, तर शुभ र नयाँ कार्यको योजना बन्नेछ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सामाजिक कार्यमा सफलता मिल्नेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। शत्रु पराजित हुनेछन्। वित्तिय संस्थाबाट सहयोग पाइनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ। आँटेको र ताकेको कार्य पुरा होला। आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ। पढाइमा प्रगति नै हुनेछ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
लाभहानी, आयव्यय, सुखदु:ख बराबरी खालको समय छ। धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज प्रेमीको सहयोग पाइनेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन्।

# तीन दिनसम्म अझै जाडो बढने सतर्कता अपनाउन आग्रह

मधेशदृष्टि
जनकपुरधाम, १७ पुस । मौसम विभाग विज्ञहरुले पश्चिमी वायुको प्रभावका कारण तराई र केही पहाडी क्षेत्रमा मौसम प्रतिकुल देखिएको भन्दै आवश्यक सावधानी अपनाउन आग्रह गरेका छन् ।

पछिल्लो केही दिन यता देशभर बाक्लो हुस्सु लाग्ने चिसोको उत्तारचढाव भइरहेकाले आगामी तीन दिनसम्म देशका अधिकांश स्थानमा सितलहरको सम्भावना रहन सक्ने भएकाले आवश्यक सावधानी अपनाउन विज्ञहरुले सुझाव दिएका छन् ।

जलवायु तथा विपद् विज्ञ डा.धर्मराज उप्रेतीले पश्चिमी वायुका कारण चिसो बढिरहेको बताउँदै आजदेखि तीन दिनसम्म देशको अधिकांश भागमा सितलहरको सम्भावना रहेको भन्दै आवश्यक सावधानी अपनाउन आग्रह गरे ।

उनले अबका केही दिनमा चिसो अत्याधिक बढ्ने भन्दै बालबालिका, वृद्धवृद्धा, दिर्घरोगी, मुटुका रोगीहरुले बिहानको समयमा घरबाहिर निस्किनु उचित नहुने बताएका छन् । उनले पश्चिम बंगालमा सिर्जना भएको न्युन चापिय अवस्था र पश्चिमी वायुको प्रभावका कारण तुँवालो लाग्ने, चिसो बढ्ने, हिमपात हुने सम्भावना रहेको पनि रहेकाले मर्निङ वाकमा सकेसम्म चिसोको बेलामा नजाने, सकेसम्म कोठामा नै योगाभ्यास गर्न सुझाव दिए ।

उनले फोक्सोको क्यानसरदेखि श्वासप्रश्वासमा समस्या, मुटुका बिरामीहरुमा समस्या र बालबालिका र वृद्धवृद्धामा चिसोको असर बढी हुने बताए ।, जलवायु विज्ञ उप्रेतीले जनवरी, फ्रेब्रुअरी र मार्चमा न्युनतम तापक्रम औसत भन्दा तल हुने र वर्षा पनि कम हुने बताउँदै हिउँदामा वर्षा कम र चिसो बढी भएको खण्डमा यसको सबैभन्दा बढी असर वायुप्रदुषणमा पर्ने सक्ने भने ।

उनले भने, 'पछिल्लो समय एकपछि अर्को पश्चिमी वायुका कारण चिसो बढ्दै गएको छ । पश्चिमी क्षेत्रबाट प्रवेश गरेको वायुले नेपालको तराई क्षेत्रमा र पहाडी क्षेत्रमा पनि केही हिमालभन्दा माथि जान्छ, केही हिमाल भन्दा तल जान्छ । अहिलेको परिस्थितिमा उत्तरबाट हावा पश्चिम हुँदै दक्षिणतिर बगिरहेको कारण हिमालको चिसो हावा तल तराई मधेशतिर गइरहेको छ । चिसो हावा तल आइरहेकाले आइतवारदेखि तीन दिनसम्म देशको अधिकांश भागमा लगभग सितलहरकै अवस्था रहन्छ । चिसो अझै बढ्न सक्नेछ । अरब सागरमा एक खालको न्युन चापीय अवस्था रहयो भने हावाको आर्द्रतासहितको हावा बहेर उत्तरतिर धकेलिँदा त्यसले पनि तुँवालोको फर्मिसन गर्छ ।

पश्चिम बंगालमा केही समयअघि मात्रै एक खालको न्युन चापीय अवस्था सिर्जना भएको थियो । पश्चिमी वायुको प्रभाव परेका कारण पनि तुँवालो लाग्ने, चिसो बढ्ने, हिमपात अवस्था बढेको छ । जनवरी, फ्रेब्रुअरी र मार्चमा न्युनतम तापक्रम औसत भन्दा तल हुनेछ । वर्षा पनि कम हुन्छ । हिउँदामा वर्षा कम र चिसो बढी भएको खण्डमा यसको सबैभन्दा बढी असर वायु प्रदुषणमा रहन्छ ।'

जलवायुविज्ञ डा.उप्रेतीले अहिले समुन्द्री सतहको तापक्रम औसत भन्दा कम रहेकाले चिसो बढीरहेको बताए । उनले न्युनतम तापक्रम घट्दै जाँदा चिसो र सितलहर बढाउने भएकाले जनवरी ४ सम्म देशको पश्चिमी भागमा यसको असर पर्ने भन्दै सचेत रहन आग्रह गरेका छन् । तापक्रममा हुने परिवर्तन र वायुमण्डलमा हुने परिवर्तनका कारण विश्वको तापक्रमलाई असर गर्ने भन्दै नेपालले पनि चिसोबाट बच्न आवश्यक शतर्कता अपनाउनु जरुरी रहेको उनले बताए ।डा.उप्रेतीले देशभर चिसो बढेकाले बिहानको समयमा बाहिर हिँडडुल भरसक नगर्ने वा घरभित्रै व्यायाम गर्ने, न्यानो लुगा लगाउने, पानीमा धेरै बेर नभिज्ने, बिहान बहिर हिँड्नै परे मास्कको प्रयोग गर्ने, आगो ताप्दा झ्याल/ढोका खोलेर वा पर्याप्त हावा ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर ताप्ने, गाडी चलाउँदा गति सिमित हुनेगरी चलाउने र फोग लाइटको प्रयोग गर्ने, विद्यालयमा केही दिन बिदा वा प्रविधिको प्रयोग गरी सम्भव भएसम्म अनलाइन कक्षा सञ्चालन गर्न सुझाव दिएका छन् ।

# मेयर दासलाई कारवाहीको माग गर्दै गर्दै सिडियोलाई ज्ञापन



मधेशदृष्टि
जनकपुरधाम, १७ पुस । संचारकर्मी शैलेन्द्र महतोलाई ज्यान मार्ने धम्की दिने विदेह नगरपालिकाका प्रमुख बेचन दासलाई कारवाही गर्न माग गर्दै नेपाल पत्रकार महासंघ धनुषा शाखाले जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुख सिडियो सुरेन्द्र पौडेललाई ज्ञापन पत्र बुझाएका छन् ।

नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष मनिका झाको नेतृत्वमा सिडियो कार्यालय पुगेका पत्रकार हरुको टोलीले ज्ञापनपत्र बुझाउँदै कानुनी राज्यमा सामाचार लेखेकै निहुँमा पत्रकारलाई ज्यान मार्ने धम्की दिनु सम्पूर्ण संचार जगतमाथिकै आक्रमण रहेको भन्दै सहज वातावरण बनाई दिन आग्रह गरेका थिए ।

महासंघले बुझाएको ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले दुवै पक्षलाई बसेर कुरा गर्ने र अनुसन्धानको क्रममा दोषी पाइए मेयर दास विरुद्ध कारवाही प्रक्रिया अघि बढाइने प्रतिबद्धता जनाएका थिए ।

सोही क्रममा प्रजिअ पौडेलले मेयर दासलाई फोन गरेर घटना बारे जानकारी लिंदै पत्रकारहरुको गुनासो राख्दै भोली सोमवार दुवै पक्षलाई बसेर समस्या समाधान गर्न भनेका थिए ।

जवाफमा दासले आफू काठमाडौ आएको बताउँदै दुई/तीन दिनपछि आएपछि छलफलका लागि बस्ने आग्रह गरेका थिए । प्रजिअ पौडेलले मेयर दास आएपछि दुवै पक्षलाई बसाउने र दोषी देखिए तुरुन्त कारवाही प्रक्रिया अघि बढाइने भने ।

पुस १५ गते प्रदेशसभाको भवनमा नवनिवार्चित सांसदहरुको सपथ ग्रहण कार्यक्रममा रिर्पोटिङ्ग गर्न पुगेका पत्रकार महतोलाई लातीले छाँतीको हड्डी भाँचि दिने, आफुले नकुटे महिलाहरुबाट कुटाई दिने लगायतको ज्यान मार्ने धम्की मेयर दासले दिएको थियो ।

कारवाही प्रक्रिया अगाडी नबढाए नेपाल पत्रकार महासंघ धनुषा चरणवद्ध आन्दोलनमा जाने धनुषा शाखा अध्यक्ष मनिका झाद्धारा हस्ताक्षरित ज्ञापन पत्रमा उल्लेख छ ।

सो ज्ञापन पत्रको बोद्यार्थ गृह मन्त्रालयलाई समेत जनाइएको छ ।

# मन्त्री बन्न कुनै दलमा प्रवेश नगर्ने : सांसद साह



मधेशदृष्टि
रौतहट, १७ पुस । रौतहट क्षेत्र २ बाट स्वतन्त्र निर्वाचित संघीय सांसद किरण साहले मन्त्री पाउने लोभमा आफू कुनैपनि राजनीतिक दलमा प्रवेश नगर्ने बताएका छन् ।

स्थानीय बौधिमाई नगरपालिका बंकुल चौक स्थित शनिवार नेपाल तुरहा समाज कल्याणको चौथो साधारण सभाको उद्घाटन पछि सम्बोधन गर्दै सांसद साहले आफू मन्त्री पदको लागि आतुर नभएको स्पष्ट पारेका हुन ।

आफुलाई क्षेत्र २ का मतदाताले मत दिएर सांसद बनायो यस्तो अवस्थामा जुन गठबन्धनले मेरो माग पूरा गर्छ उसैलाई साथ दिने उनले बताए । संघीय सांसदको शपथ ग्रहण कार्यक्रममा आफूले संस्कृत भाषामा शपथ लिनुको केही अर्थ छ, सांसद किरण साहले भने त्यो अर्थ म अहिले भन् नसक्दिन तर उनको यो भनाइले हिन्दु धर्मसँग जोडिएको हुनसक्ने अनुमान गरिएको छ । २०७७ सालमा आफू नेकपा एमालेमा प्रवेश गरेकै हो तर गत मङ्सिर ४ गतेको निर्वाचनमा रौतहट क्षेत्र २ जसपाको भाग परेकाले आफू स्वतन्त्र उम्मेदवारी दिएको प्रस्ट समेत पारे ।

अहिले एमाले माओवादी लगायत दलमा प्रवेश गर्न लबिङ भइरहेको चर्चा छ तर कुन दलमा जाने बारेमा निर्णय हुन बाँकी रहेको सांसद साहले स्पष्ट समेत पारे । गत मङ्सिर ४ गते सम्पन्न प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनमा प्रभु साहको संयोजकत्वमा स्वतन्त्र जिताऊ अभियान गठन भएको थियो । तर स्वतन्त्र उम्मेदवार प्रभु साहलाई तत्कालीन सत गठबन्धनले समर्थन गरेपछि स्वतन्त्र जिताऊ अभियान निष्क्रिय भएको सांसद साहले दाबी गरे ।

गत निर्वाचनमा स्वतन्त्र जिताऊ अभियानका जिल्ला अध्यक्ष त्रिभुवन साहको गाउँ सरमुजवामा मलाई १६ सय मत आउनु र प्रदेशसभाका स्वतन्त्र उम्मेदवार मनोज यादव लाई मात्र २५० मत आउनुले सहजै अनुमान गर्न सकिने उनको तर्क गर्दै स्वतन्त्र जिताऊ अभियान एक जनालाई जिताउनको लागि मात्र परिचालन भएको दाबी गरे ।

# परिचालित शक्तिले आफूलाई पराजित गरेको खाणको आरोप



मधेशदृष्टि
काठमाडौ, १७ पुस । पूर्वगृहमन्त्री तथा कांग्रेसका नेता बालकृष्ण खाणले चुनावमा आफूलाई हराउन पार्टीभित्र र बाहिरका शक्ति परिचालित भएको आरोप लगाएका छन् ।

बिपी कोइराला अध्ययन प्रतिष्ठानको छैटौं साधारण सभा, चौथो अधिवेशनको उद्घाटन तथा ४६औं राष्ट्रिय एकता तथा मेलमिलाप दिवसको कार्यक्रममा बुटवलमा शनिवार आयोजित उनले यस्तो आरोप लगाएपनि कुन शक्ति परिचालित भएको बारे खुलाएन ।

आफूलाई हराउन विभिन्न शक्ति लागे पनि यसबारे आफूले कुनै टिप्पणी नगर्ने खाणले बताए । 'गत निर्वाचनमा मेरो निर्वाचन क्षेत्रमा पार्टीभित्र र बाहिरका राष्ट्रिय अन्तराष्ट्रिय शक्तिहरु मलाई हराउन सक्रिय भए, यसबारे कुनै टिप्पणी गर्नु छैन,' उनले भने ।

उनले भने वर्तमान सत्ता फेरबदलमा काँग्रेस कहाँनिर चुक्यो भन्ने कुराको समीक्षा हुनेछ, 'राजनीतिक पार्टीहरूका लागि सत्ता फेरबदल स्वाभाविक प्रक्रिया हो, यसलाई कांग्रेसले अन्यथा लिँदैन । तर कसरी काँग्रेस प्रतिकूल अवस्थामा पुग्यो भन्ने कुराको भने समीक्षा गर्नुपर्छ ।'

उनले कहिलेकाहीँ नेपालको राष्ट्रियता मजबुत गर्न, प्रजातन्त्र जोगाउन, काँग्रेसको प्रभावकारिताका लागि पार्टीभित्र एकता गरौंभन्दा आफू आलोचित हुनुपरेको गुनासो समेत गरे ।

कार्यक्रममा प्रतिष्ठानका सभापति युवराज गिरीले देशको राजनीतिक परिवर्तनमा नेपाली काँग्रेस पार्टी र बिपीको योगदानबारे स्मरण गर्दै वैभवशाली समाज निर्माणमा योगदान रहेको बताए ।

कार्यक्रममा नेपाली काँग्रेस रुपन्देहीका सभापति रामकृष्ण खाँणले राष्ट्रिय एकता र मेलमिलाप एक सिक्काको दुई पाटा भएको भन्दै यसलाई सन्तुलित ढंगले अगाडि बढाउन सके मात्रै पार्टी, राजनीति र देश सफल हुने बताए ।

# विद्यालयको विद्यार्थीहरूको शैक्षिक भ्रमण

आरके श्रीवास्तव
गरुडा, १७ पुस ।
फतुवा बिजयपुर ८ (पिपल वोट) मा रहेको सरस्वती प्राथमिक विद्यालयबाट इसवी सम्बत २०२३ को उपलक्षयमा शैक्षिक भ्रमणका लागि रौतहटको मौलापुरको विभिन्न ठाउँमा विद्यार्थी र शिक्षकहरू मिलेर भ्रमण गरेका छन् । सरस्वती प्राथमिक विद्यालयका विद्यार्थी , विद्यालय व्यवस्थापनका कर्मचारी र शिक्षकहरू मिलेर कक्षा १ देखि ५ सम्म मौलापुरमा रहेको पिकनिक पार्क पुरातत्विक




माहादेव मन्दिर भ्रमण गरेका छन् । मौलापुर नगरपालिकामा रहेका पुरातात्विक महादेव मन्दिर भक्तजनहरुको आकर्षणको केन्द्र बन्दै गएको छ । त्यसै ठाउँमा भ्रमणका लागि त्रिालय टिम पुगेको थियो ।

स्थानीय वड़ा नम्बर ५ पतौरामा रहेका उक्त महादेव मन्दिरमा अन्य ठाउबाट दर्शन गर्न आउने श्रद्धालु शिवभक्तहरुको बढ्दै गएको आस्था र विश्वासको कारण मन्दिर आकर्षणको केन्द्र बन्दै गएको छ ।

करिव १ दशक पहिला जमीन मुनिबाट निस्केका पौराणिक युगको मन्दिरलाई नगरपालिकाले सौन्दर्यकरण गरी विभिन्न अवसरमा कार्यक्रम आयोजना गर्दै आएको कारण सो मन्दिर अहिले प्रसिद्ध मंदिरको रुपमा चर्चा पाएको छ । शिवरात्रि , बसंतपंचमी तथा साउन महिनामा सोमवारी पर्वको अवसरमा सो मन्दिरमा धार्मिक तथा सांस्कृतिक महोत्सव हुदै आएको भ्रमणको क्रममा रहेको सुबोध यादवले बताए ।

शैक्षिक भ्रमण सिकाइको साथ साथै भ्रमण पनि अनिवार्य रहेकाले सधैं कक्षा कोठामा बसेर पढ्नु भन्दा कहिले काहीँ बाहिरको परिवेश हेर्न देख्न घुम्नका लागि भ्रमण गरिएको सरस्वती प्राथमिक विद्यालयका प्रधानध्यापक यादवले बताए । भ्रमणमा श्री माबी टेङ्ग्राहाका प्र.अ. अनिल यादव, लेखा प्रमुख प्रमोद यादव लगायतका व्यक्तिहरुको सहभागिता रहेको थियो ।

# ब्राइट इंग्लिसले मनायो आफनो वार्षिकोत्सब



आरके श्रीवास्तव
गरूडा, पुस १७ । रौतहट जिल्लाको दक्षिणी भेग बौधीमाई नगरपालिका वडा नम्बर ४ मा रहेको ब्राइट इंग्लिस बोर्डिङ्ग स्कुलले आफनो वार्षिकोत्सब भव्य रूपमा मनाएको छ ।

आइतवार सो बोर्डिङ्ग स्कुलले १२ औं बिधालय वार्षिकोत्सब कार्यक्रम २०७९ आयोजन गरेको थियो । कार्यक्रमको प्रमुख अतिथिको रूपमा रौतहट निर्वाचन क्षेत्र नम्बर २ क का प्रदेश सांसद कनिश पटेल र विशिष्ट अतिथिको रूपमा बौधीमाई नगरपालिकाका नगर प्रमुख प्रदिप यादव रहेको थियो । वार्षिकोत्सवको अवसरमा स्पीच, नृत्य र गित प्रतियोगिता गरिएको थियो । सो प्रतियोगितातामा प्रथम, द्धितिय र तृतीय भएका छात्रछात्राहरुलाइ पुरस्कार प्रदान गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथी प्रदेश सांसद पटेलले आफनो बालबालिकाको शिक्षा प्रति अभिभावक पहिला भन्दा अहिले सजग भइकेको भन्दै सराहना गरेका थिए । अहिले महिला शिक्षा प्रतिको दृष्टिकोण परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको जोड दिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै वडा अध्यक्ष तुरुन्त नारायण यादवले ब्राइट इंग्लिस बोर्डिङ्ग स्कुल १२ वर्ष प्रवेश गरेकोमा बधाई तथा शुभकामना व्यक्त गरेका थिए । साथै उनले निजी बिद्यालयमा जति राम्रो शिक्षा पाईरहेको त्यो भन्दा कम सामुदायिक बिधालयको शिक्षा होईन् । तर त्यहाँ अभिभावकहरू आकर्षण कम छ । अभिभावकको चासो सामुदायिक बिधालय प्रति हुनुपर्नेमा जोड दिए ।

सो अवसरमा वडा अध्यक्ष तुरन्त नारायण यादव, एन प्याब्सन रौतहटका उपाध्यक्ष जितेन्द्र पटेल लगायत स्थानीय भद्रभलादमी, शिक्षक, शिक्षिका, अभिभावक, बिधार्थीहरूको उत्साहजनक सहभागीता रहेको थियो ।

# ९१ किलो लागु औषध गाँजा बरामद



आरके श्रीवास्तव
गरुडा, पुस १७ । रौतहटमा ९१ किलो लागु औषध गाँजा प्रहरीले बरामद गरेको छ ।

आइतवार बिहान ११ बजेको समयमा जिल्ला रौतहट राजपुर नगरपालिका वडा नम्बर १ पिपरा भगवानपुर स्थित पिपरा टोलबाट गोप्य सूचनाको आधारमा छापामारी गरी प्रहरीले सो गाँजा बरामद गरेका हुन ।

जिल्ला प्रहरी कार्यालय, रौतहट, गौरबाट खटिएको प्रहरी टोलीले रोकिएर राखेको जे.एच १० एक्स ४२१२ नम्बरको सेतो बलोरो गाडीमा खानतलासी गर्दा अन्दाजी ९१ कि.ग्रा.(१३ पोका) अवैध लागु औषध गाँजा फेला पारेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी प्रवक्ता प्रहरी नायव उपरिक्षक उमाशकंर प्रसाद यादवले जानकारी दिएका छन ।

सोही स्थानबाट अन्दाजी १० मिटर दक्षिण तर्फ बिआर ३० यु ०४७४ नम्बरको मोटरसाईकल समेत बेवारीसे अवस्थामा फेला परेकोले लागु औषध गाँजा, गाँजा लोड रहेको बलोरो र मोटरसाईकल समेत बरामद गरी जिल्ला प्रहरी कार्यालयमा ल्याई थप अनुसन्धान कार्य भईरहेको यादवले बताए ।

## सम्पादकीय

# संसदको कार्यभार

मधेश प्रदेशसभा आज देखि प्रारम्भ हुदैंछ। दोश्रो निर्वाचन पछिको मधेश प्रदेशसभामा १० वटा राजनीतिक दलका एक सय एक जना र छ जना स्वतन्त्र सांसद समेत गरेर एक सय सात सांसद छन् । जनप्रतिनिधित्वको हिसावले मधेश प्रदेशसभामा सबै भन्दा ठूलो दल एमाले हो । उसका २३ सांसद छन् । त्यस्तै नेपाली काग्रेसका २२, जसपाका १६, जनमतका १३, लोखपाका ९, माओवादी ८, एकिकृत समाजवादीका ७, संघीय समाजवादी तथा उन्मुक्ति पार्टीका एकएक तथा स्वतन्त्र ६ जना सांसद छन् ।

संघीय राजनीतिक प्रणालीको जन्मदाताको रुपमा मधेश प्रदेशलाई लिन सकिन्छ। मधेश आन्दोलनहरुका पृष्ठभूमिका तराईका सप्तरीदेखि पर्सासम्मका ८ जिल्ला मधेश प्रदेशमा पर्दछन्। अघिल्लो प्रतिनिधिसभामा प्रदेशसभामा मधेशवादी दलहरुकै बर्चस्व थियो र पाँच वर्षसम्म मधेशवादी दलहरु राजपा र लोसपको सरकार चल्यो। संसद पनि सत्ता पक्षकै बहुमतकको बलमा चल्यो । तर दोश्रो आम निर्वाचनले प्रदेशको जनप्रतिनित्वमा ठूलो परिवर्तन ल्याएको छ । मधेशमा मधेशवादी दलहरु भन्दा राष्ट्रिय दलहरुको ओज बढी छ। १०७ सदस्यीय मधेश प्रदेशसभामा एमाले, नेपाली काग्रेस, माओवादी, एकिकृत समाजवादीको आधा भन्दा बढी ६० सिट हुन्छ । मधेशवादी दल लगायतका दलहरु स्वतन्त्र समेत ४७ सिट हुन आउँछ। सत्ता समिकरण निर्माण हुँदा एमाले, माओवादीको नेतृत्वदायी भूमिकामा मधेशवादी दलहरु हुने  देखिदैंछ।

निश्चय पनि हिजोको जस्तो अवस्था छैन मधेश प्रदेशमा । नयाँ जनादेश प्राप्त जनप्रतिनिधिहरुका सामुन्ने विगतको भन्दा परिस्कृत, परिमार्जित र प्रभावकारी काम गर्नुपर्ने जिम्मेवारी छन् । कारण, अघिल्लो संसदले प्रदेशका आम जनताको भावना अनुसार काम गर्न नसकेकोलेनै दोश्रो निर्वाचनमा नयाँ पार्टी र परिणाम आएको हो ।

संसदका दुईवटा मुख्य काम हुन्छन् । एउटा सरकार बनाउने, सरकार माथि निगरानी राख्ने, नियन्त्रण गर्ने । अर्को, ऐन कानून बनाउने । सत्ता गठबन्धनका केही सांसद सरकारमा जान्छन्, बाँकी संसदमा रहने हो । त्यस्तै सरकार बाहिरका दलहरु प्रतिपक्षीय भूमिकामा रहने हुन् ।  खासमा सरकारमा गएको तुलनामा निकै धेरै सांसद संसदको फ्लोरमा हुन्छन् । संसदीय प्रणालीमा सामान्यतथा सरकारले विधेयक, अध्यादेशहरु, नीति तथा कार्यक्रम संसदमा पेश गर्ने र सरकारले पेश गरेका विधेयक, अध्यादेश, नीति माथि विचार, विमर्श र छलफल गरेर आवश्यकता र औचित्यका हिसावले अनुमोदन गर्ने काम संसदको हो । यसका लागि संसदमा  विभिन्न विषयगत समितिहरु हुन्छन् । संसदीय समितिलाई मिनि संसद पनि भनिन्छ।

मिनि संसदमा सरकारले प्रस्तुत गरेका ऐन नियमलाई मसिनोसँग केलाएर प्रदेश तथा मुलुकको हित हुने किसिमले अनुमोदन गर्ने वा अस्वीकार गर्दै थप परिमार्जनको बाटो देखाउने काम पनि हुन्छ । विषयगत समितिहरु जति प्रभावकारी हुन्छन्, त्यत्तिनै संसद प्रभावकारी मानिन्छ। तर, हामीकहाँ, समितिहरु औपचारिक मात्र बनेको विगतको अनुभव छ। विगतमा सरकारले जे जे , पेश गर्यो, त्यसमा कुनै गंभिर विचार विमर्श नगरी अनुमोदन गर्ने गरिएको पाइन्छ। यसो गर्दा संसदले काम गरेको रेकर्ड त बन्यो,  ५० भन्दा बढी ऐनहरु निर्माण भएको देखिन्छ। तर, गुणात्मक हिसावले संसदको भूमिका कमजोर मानिन्छ। गौण मानिन्छ, हिजाको भुमिका।

अहिलेका संसद सामुन्ने दुईटा प्रमुख जिम्मेवारी छन् । एउटा, संसदलाई प्रभावकारी बनाउने, सरकार माथि कसिलो नियन्त्रण राख्ने र निगरानीलाई महत्वदिने । अर्को संघीयतालाई संस्थागत गर्ने । संघीय राजनीतिक प्रणाली आवश्यक छैन भन्ने आवाज बढेर गएको छ। यस अर्थमा संसदको काम संघीय राजनीतिक प्रणाली आवश्यकता र विशेषताहरुबारे बृहत रुपमा छलफल, विचार विमर्श र जनस्तरमा प्रचार आवश्यक देखिएको छ।

संसदको भुमिका कसरी प्रभावकारी बनाउने ? प्रश्न जत्तिकै सहज छैन उत्तर । सांसदहरु जनताका प्रतिनिधि हुन् । उनीहरु सबैमा सरकारले ल्याएका अध्यादेश अध्ययन गर्ने, आवश्यक सुझाव दिने, निर्देशन गर्ने क्षमता नहुनसक्छ । यतिमात्र हो, सांसदहरु चनाखो हुनुपर्दछ, सरकारले कुन उदेश्यले विधेयक ल्याएको हो, त्यसको आवश्यकता र औचित्यबारे जानकार भने हुर्नैपर्दछ। यसका लागि सांसदहरुले प्रशस्त होमवर्क गर्नुपर्दछ।

सबै भन्दा महत्वपूर्ण कुरा सरकारले संसदमा पेश गरेका विधेयकहरु समितिमा लग्ने र त्यहाँ विस्तृत छलफल गर्ने परिपाटी बसाल्न आवश्यक छ। मिनि संसदले कुनै पनि विधेयकमा विषयविज्ञ, सरोकारवाला र जानकारहरुका धारणा लिनसक्छन् । जनस्तरबाट राय संकलन गर्नसक्छन् । संसद बाहिरको ज्ञान, विज्ञतालाई संसदमा प्रवेश गराउने जिम्मेवारी संसदको हो । विगतमा जस्तो सरकारले जे ल्यायो, त्यसमा ठप्पा लगाउने प्रवृतिबाट यो संसदलाई मुक्त गर्न सक्नुपर्दछ।

यसका लागि हरेर सांसदले आफूलाई विद्यार्थी जस्तो जिज्ञासु बनाउन सक्नुपर्दछ, प्रशस्त होम गर्नुपर्दछ। कारण, तपाई सांसदहरु सबै भन्दा पहिला जनताका प्रतिनिधिहरु हो, त्यसपछि कुनै पार्टीको सांसद हो । संसदीय भूमिका जति प्रभावकारी हुनसक्यो, त्यत्तिनै संघीय संसदीय व्यवस्था बलियो हुँदैजाने हुन्छ । संसदको प्रभावकारीता र संघीय राजनीतिक प्रणालीको संस्थागत विकास मधेश प्रदेशसभाका प्रमुख कार्यभार हुन् ।

# सम्झना र कल्पनामा प्रदेशसभाको पहिलो बैठक

*प्रदेशमा करिब १२प्रतिशतको हाराहारीमा मुसलमान समुदायको जनसङ्ख्यारहेको छ। मुसलमान समुदायमा साक्षरता दर अत्यन्त कमजोर र गरीबी  अत्यन्त ज्यादा रहेको छ। शिक्षासँग सम्बन्धित मुसलमान समुदायका समस्यालाई थोरै भए पनि हल गर्ने उद्देश्यले प्रस्ताव गरिएको मदरसा विधेयक संसदीय समितिमै अडकेको छ। मधेशमा प्रदेशसभा र सरकार दुवैको प्राथमिकतामा नपर्नुलाई केवल संयोग मान्न सकिन्न।*



**– तुलानारायण साह**

हालै भेटेका एक पत्रकार मित्रको मत थियो कि नेपालको सङ्घीयता माथिको खतरा बढ्दै गइरहेको छ । अन्य प्रदेशबारे खासै चिन्ता छैन तर मधेश प्रदेशले के गर्ने हो ? काठमाण्डौको खास चासोको विषय रहेको छ रे !

उनको थप तर्क थियो,सङ्घीयता खारेज हुनुपर्ने मत राख्ने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), सङ्घीयताबारे रहस्यमय मौनता साध्ने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र सङ्घीयता पिटिक्कै नरुचाउने नेकपा (एमाले)जस्ता पार्टीहरूको समर्थनमा प्रधानमन्त्री बनेका पुष्पकमल दाहाल प्रचण्डले पनि कहिले सङ्घीयता चाहेका थिए र ?तर घुमिफिरी राजनीति यिनकै नियन्त्रणमा पुगेको छ । त्यसकारण,मधेश प्रदेशमा खुम्चिन पुगेका मधेशीदलहरू र समग्रमा मधेशी समाजले यस षडयन्त्रलाई कुन रूपमा हेरिरहेको छ त्यो महत्वपूर्ण छ। यो प्रश्न उठनासाथ नेपालमा सङ्घीयताको आन्दोलन, सङ्घीयतालाई संस्थागत गर्ने प्रयासहरूबारे अनेक प्रसँगहरू एकसाथ मनमा खेल्न थाल्यो। त्यस्ता प्रसँग मध्ये २०७४ साल माघ २१ गतेको दिन पनि मलाई विशेषरूपमा सम्झना भयो।

****

२०७४ साल माघ २१ गते पहिलो पटक जनकपुरमा प्रदेश नम्बर २ का प्रदेश सभाको बैठक बसेको थियो । त्यसको दुई महिना अघि मंसिर २१ गते नेपालको इतिहासमा पहिलो पटक प्रदेशसभाको लागि निर्वाचनभएको थियो । निर्वाचन हुनु आफैंमा सङ्घीयताको संस्थागतीकरणको पहिलो चरण थियो तर नेपालामा सङ्घीयताले जसरी विभिन्न षडयन्त्रका बाबजुद आफ्नो संघर्षपूर्ण यात्रालाई अगाडि बढाइरहेको थियो, निर्वाचन हुँदैमा ढुक्कहुने अवस्था थिएन । नेपालमा सीमान्तकृतहरूको आन्दोलनलाई नियालेर बसेकाहरूको लागि  प्रदेशको निर्वाचन आवश्यक कदम अवश्य थियो तर पर्याप्त थिएन । प्रदेशसभाको बैठक बस्नु र मुख्यमन्त्रीको शपथ सम्पन्न हुनुलाई उत्तिकै महत्वकासाथ हेरिएको थियो। उल्लेखित दुवै समयमा म काठमाण्डौबाट जनकपुर पुगेको थिएँ। अहिले फेरी निर्वाचन सम्पन्न भएर प्रदेशसभाको बैठक बस्नै लागेको बेला पाँच  वर्ष अघिको त्यो ऐतिहासिक बैठकबारे अनुभव साझा गर्ने उद्देश्यले यो लेख लेख्दै छु।

२०७४ सालको माघ २१ का दिनजनकपुरको मौसम चिसो थियो, घाम मधुरो थियो । शहरभन्दा निकै दक्षिणमा रहेको शिक्षा कार्यालयको भवनलाई प्रदेशसभाको सचिवालय तोकिएको थियो । त्यस भवनमा रहेको तालिम कक्षलाई प्रदेश संसदमा रूपान्तरण गरिएको थियो । भुँईतल्लामा रहेका सो भवनमा दुईटा ढोका थिए । मुल ढोकालाई माननीयजीहरूको प्रवेशद्वार बनाइएको थियो भने दक्षिणतर्फ रहेका सानो ढोकाबाट पत्रकार एवं दर्शकको प्रवेशको व्यवस्था मिलाइएको थियो। पहिलो बैठक हुने भएकोले भीड हुने अनुमान भएर होला पास हुनेलाई मात्र प्रवेश दिने व्यवस्था थियो। प्रदेशसभा सचिवालयले विभिन्न दल र प्रदेश प्रमुख सहितको कार्यालयलाई सिमित सङ्ख्यामा पास उपलब्ध गराएको थियो।

त्यो ऐतिहासिक क्षणलाई कुनै पनि हालतमा मिस नगर्ने मेरो चाहना थियो । त्यसकारण मैले काठमाण्डौदेखि नै प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थ र उहाँको स्वकीय सचिव युसुफ अलिलाई पासको लागि आग्रह गरिरहेको थिएँ। धेरै मानिसजस्तै मलाई पनि लागेको थियो कि सङ्घीयताको लागि संघर्ष गर्ने र उपलब्धीको जशपा एकादलका प्रमुख नेताहरू  अवश्य त्यो ऐतिहासिक सभामा उपस्थित हुनेछन् ।केवल उपस्थितिका लागि मात्र नभएर सभाको गरिमा बढाउनका लागि पनि । संयोगले त्यसदिन सङ्घीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनता पार्टीका अध्यक्षहरू महन्त ठाकुर र राजेन्द्र महतो पनिजनक पुरमै थिए । त्यसकारण पनि पत्रकारहरूको चासो बढेको थियो । तोकिएको समयमा हल भित्र प्रवेश गर्दा दर्सक दिर्घामा पत्रकारको भीड भइसकेको थियो । आगाडिका केही कुर्सीहरू भीआइपीका लागि छुट्याइएका थिए। उपेन्द्र यादव, महन्त ठाकुर र राजेन्द्र महतो पनि आउने चर्चा थियो । दोस्रो लहरमा सुरक्षा प्रमुखहरू बसिरहेका थिए । सभा शुरु भएको केही बेरमा राजेन्द्र महतोको प्रवेश भएको थियो । भिआइपीका लागि छुट्याइएको आगाडिको लहरमा उहाँ बस्नुभयो । बाँकी कुर्सीहरू खाली देखेर सुरक्षानिकायका अधिकारीहरू तत्काल तेस्रोबाट दोस्रो लहरमा गएर बसेका थिए । हामीकेही लेखक पत्रकार पछाडि बसिरहेका थियौं।

****

प्रदेश सभाको पहिलो ऐतिहासिक बैठक ज्येष्ठ सदस्य सिरहाका लगनलाल चौधरीको अध्यक्षतामा शुरुभयो ।शहिदहरूको सम्झनामा एक मिनेटको मौन धारण पश्चात अध्यक्षबाट बैठकको कारबाही शुरुभएको घोषणा भएको थियो । घोषणा हुनासाथ राजपाका सभासद मनिष सुमन तत्काल उभिएर विरोध जनाएकाथिए। सभाकक्षमा नेपालका विभिन्न आन्दोलनका शहिदहरूको तस्वीर झुण्ड्याइएको थियो तर मधेश आन्दोलनका सहिदहरूको तस्वीर राखिएको थिएन। मधेश आन्दोलनकै कारण नेपालमा सङ्घीयता स्थापित भएको, प्रदेशको रचनापछि यो पहिलो बैठक बस्दै गर्दा जुन आन्दोलनले सङ्घीयता ल्यायो त्यसका शहिदहरूको तस्वीर नराखी यो बैठक अगाडि बढनु हुँदैन माननिय सुमनको तर्क थियो । अर्का माननिय डा. डिम्पल झाले पनि लगत्तै सुमनलाई समर्थन गर्दै आफनो सीटबाट उभिएकी थिइन् । एक दुई गर्दै राजपाका सबै सभासद आआफनो ठाउँबाट उठेर सुमनको माँगमा समर्थन जनाउन थाले । सभाकक्षमा एउटा गज्जबको सन्नाटा छाएको थियो । सभाअध्यक्ष लगजलालजीलाई पनि के गरौं नगरौं जस्तो भइरहेको थियो। छेऊमा रहेका एक कर्मचारीले केही भनेजस्तो गरे । सभाअध्यक्षजीले सभाकक्षमा मधेशआन्दोलनका शहिदहरूको तस्बीर यथासिघ्र झुण्ड्याउने निर्देशन दिनुभयो । माननीयजीहरूलाई आ-आफ्नो सीटमा बस्न आग्रह गर्नुभयो । माननीयहरू बस्नुभयो। सभा सुचारु भएको थियो।

****

प्रदेशसभाको त्यो ऐतिहासिक बैठकमा सबै दलका प्रतिनीधिहरूलाई बोल्ने अवसर दिइएको थियो। त्यस सभामा सबैभन्दा ठूलादलका रूपमा सङ्घीय समाजवादी फोरमको तर्फबाट मोहमदलालबाबु राउतले सम्बोधन गरेका थिए । राजपाबाट जितेन्द्र सोनल। काँग्रेसबाट रामसरोज यादव, माओवादीबाट रामचन्द्र मण्डल, एमालेबाट सत्यनारायण मण्डल र शत्रुधनमहतो आदिले सम्बोधन गरेका थिए । सबैको सामान्य सम्बोधन थियो तर जितेन्द्र सोनल र लालवाबु राउतले करिब-करिब एकै खालका कुराहरू फरक-फरक शैलीमा बोलेको सम्झन्छु । उहाँहरूले आफ्नो सम्बोधनमा मधेश आन्दोलनको सम्झना गरेका थिए । शहिदहरूलाई विशेषरूपमा सम्मान दिदैं त्यसदिनलाई ऐतिहासिक दिनभनेका थिए । आजको दिनलाई सङ्घीय नेपालको भावीयात्राबारे सपना देख्ने, सुन्दर र सम्मानित मधेशको कल्पना सजाउने दिनकोरूपमा लिनुपर्नेमा राउत र सोनल दुवैको जोड थियो । यी सम्बोधनहरू पश्चात प्रदेशसभाको त्यो पहिलो ऐतिहासिक बैठक सकिएको थियो।

त्यसपछि मलाई प्रदेश सभाको अन्य बैठकमा सहभागी हुने अवसर मिलेन तर सरकारमा सहभागी अनेकौं मन्त्री र कर्मचारीहरूबाट प्रदेशसभा र प्रदेश सरकार दुवैको काम कारवाहीबारे जानकारी प्राप्त भइरह्यो। सङ्घीयता संस्थागत भएपछिको पहिलो साढे चारवर्षमा प्रदेशमा गठन भएका विभिन्न सरकार र त्यसका मन्त्रीहरूबारे टिप्पणी गर्नु यो लेखको उद्देश्य होइन । यस लेखमा प्रदेशसभाको ऐतिहासिक पहिलो बैठक र करिब पाँचवर्षे कार्यकालको छोटो विश्लेषण गर्नुमात्र रहेको छ। यसले प्रदेशसभाको दोस्रो कार्यकालको यात्रामा केही सकारात्मक सन्देश दिन सकोस्।

> “बितेको पाँच सालमा प्रदेशसभाले मधेशको समाजिक रूपान्तरणको यात्रालाई बल पुग्नेगरी कुन-कुन ऐन, कानुन, नियम पारित गरेको छ, त्यसको समिक्षा होस्। आज देशभरीमा  मधेशका जिल्लाहरूको शिक्षाको अवस्था किन सबैभन्दा खस्किएको छ ? किन मधेशमा सबैभन्दा बढी कुपोषणका शिकार देखिएको छ ? किन मधेशका अधिकाँस पालिकाहरूमा निमित्त कार्यकारी अधिकृतको आतंक छ ? किन मधेश प्रदेशमा महिला हिंसाको दर बढी छ ?किन मधेशमा दाइजोको समस्या झनै विकराल बन्दै गइरहेको छ ? किन मधेशी युवाहरूको बेरोजगारी दर बढेको बढै छ ? किन मधेशको कृषिमा रूपान्तरणको प्रयास भइरहेको छैन ? किन किसानले मलखाद पाउन सकिरहेका छैनन् ? यी यस्ता यावत जीविकाको सवालमा प्रदेशसभाले के र भविष्यमा बन्ने प्रदेश सरकारले के कति गर्न सक्छ, प्रदेशसभाको आगामी कार्यकालमा चिन्तनमनन् होस्।

****

सरसर्ती सम्झिँदा मधेश प्रदेशको प्रदेशसभाले गरेको सबैभन्दा महत्वपूर्ण कार्य प्रदेशको नामाकरण हो । मधेशी समुदायका लागि वा मधेश आन्दोलनको लागि प्रदेशको रचना हुनु जति महत्वपूर्ण कुरो थियो त्यति नै महत्वको कुरो मधेशी पहिचान झल्किने प्रदेशको नामाकरण हुनु पनि थियो । यो मधेशआन्दोलनको महत्वपूर्ण उपलब्धीकोरूपमा गणना भइरहनेछ । प्रदेशसभाले गरेको थप केही कामहरू प्रशंसनीय छन् । निजामति सेवाकोलागि आरक्षण तर्फको आधा सिट महिलाको लागि छुट्याएर मधेशमा सामाजिक रूपान्तरणको यात्रालाई टेवादिने काम गरको छ । यसले मधेशी समाजमा रहेको विभेदमा आधारित असमान प्रकारका परम्परागत लैङ्गिक सम्बन्धलाई सकारात्मक परिवर्तन गराउनेमा सघाउने छ। समाजमा छोरी मान्छेलाई बोझको रूपमा हेर्ने नजरिया बदलेर अवसरको रूपमा हेर्ने यात्रालाई त्यस प्रावधानले सहयोग गर्नेछ । प्रदेशसभाले गरेको तेस्रो महत्वपूर्ण कार्य दलित शसक्तिकरण ऐनको निर्माण हो । प्रदेशको जनसङ्ख्यामा १८ देखि २० प्रतिशत हिस्सा ओगटेको दलित समुदाय मधेश र देश दुवै ठाउँको राज्य र राजनीतिको हरेक पाइलामा सीमान्तकृत छन् । दलितहरूको बहुआयामिक प्रकारको सीमान्तीकरणको समस्यालाई थोरै भएपनि त्यस ऐनले सम्बोधनको बाटो खोल्ने छ । प्रशंसा योग्य अनगिन्ती यस्ता कार्यहरूभएको होला तर केही यस्ताकामहरू पनि भएका छन् जसले प्रदेशसभा र प्रदेश सरकारको शिर ठाडो पार्दैन बरु निहुराउनबाध्य पार्छन्।

प्रदेशमा करिब १२प्रतिशतको हाराहारीमा मुसलमान समुदायको जनसङ्ख्यारहेको छ । मुसलमान समुदायमा साक्षरता दर अत्यन्त कमजोर र गरीबी  अत्यन्त ज्यादा रहेको छ । शिक्षासँग सम्बन्धित मुसलमान समुदायका समस्यालाई थोरै भए पनि हल गर्ने उद्देश्यले प्रस्ताव गरिएको मदरसा विधेयक संसदीय समितिमै अडकेको छ । मधेशमा प्रदेशसभा र सरकार दुवैको प्राथमिकतामा नपर्नुलाई केवल संयोग मान्न सकिन्न। मदरसा विधेयक प्रतिको उदासिनताले सामाजिक जटिलतालाई बढाउँदै जाने हो । यस्तो हुनु प्रदेश सभाको नियतमाथि अनेकौं प्रश्न उठाइरहने छ।

यी सब कानुन निर्माणका सवालहरूको अलाबा पनि  नीति तथा कार्यक्रम र बजेट विनियोजन एवं पारितसँग सम्बन्धित केही प्रकरणहरू मधेश प्रदेशमा देखिए जो प्रदेशको शासन शैली, प्रशासनको सञ्चालनसँग सम्बन्धित छन् । सरकारले ल्याएको जनहितको निष्पक्ष कार्यक्रमलाई पारित गर्नु त प्रदेश सभाको काम कर्तव्य अधिकारभित्र नै पर्ने भयो तर गलत मनसायले कुनै नेता विशेषले आफू मात्र लोकप्रिय हुने उद्देश्यले, केही सिमित व्यक्तिलाई फाइदा पुग्ने उद्देश्यले ल्याइएका कार्यक्रम वास्तवमा छुट्याइएका बजेटबारे प्रश्न नगर्नु अधर्मी कार्य थियो । मधेश प्रदेशसभामा यस्तो कार्य हरेक वर्ष भइरहयो। हरेक वर्ष अवण्डा बजेटको नाममा मन्त्रीहरूले मोटो रकम छुट्याउँथे ।सभाबाट पास गर्नेबेला माननीयहरूले त्यसैलाई मोलतोलको विषय बनाउँथे । बार्गेनिङ्ग गरेर सरकारलाई माननीयहरूले खर्च गर्न पाउने संसदीय विकास कोषको रकम वृद्धि गराउन बाध्य पार्थे। यो सबैकाम पुरै कार्यकालमा भइरहयो । यसले मधेशप्रदेशभरी सुशासनको सवालमा गम्भीर प्रश्न उठाइरहयो तर समाज, राज्य, राजनीतिक दल सबै टुलुटुलु हेरिरहे।

आज मधेश प्रदेशमा  प्रदेशसभाको दोस्रो कार्यकालप्रारम्भ हुँदैछ । यस कार्यकालको पहिलो बैठक बस्दै छ । बितेको पाँच सालमा प्रदेशसभाले मधेशको समाजिक रूपान्तरणको यात्रालाई बल पुग्नेगरी कुन-कुन ऐन,कानुन,नियम पारित गरेको छ, त्यसको समिक्षा होस् । आज देशभरीमा  मधेशका जिल्लाहरूको शिक्षाको अवस्था किन सबैभन्दा खस्किएको छ ?किन मधेशमा सबैभन्दा बढी कुपोषणका शिकार देखिएको छ ?किन मधेशका अधिकाँस पालिकाहरूमा निमित्त कार्यकारी अधिकृतको आतंक छ ?किन मधेश प्रदेशमा महिला हिंसाको दर बढी छ ? किन मधेशमा दाइजोको समस्या झनै विकराल बन्दै गइरहेको छ ? किन मधेशी युवाहरूको बेरोजगारी दर बढेको बढै छ ? किन मधेशको कृषिमा रूपान्तरणको प्रयास भइरहेको छैन ?किन किसानले मलखाद पाउन सकिरहेका छैनन् ?यी यस्ता यावत जीविकाको सवालमा प्रदेशसभाले के र भविष्यमा बन्ने प्रदेश सरकारले के कति गर्न सक्छ, प्रदेशसभाको आगामी कार्यकालमा चिन्तनमनन् होस् । साथै, प्रारम्भमा उल्लेखित सङ्घीयतामाथिको सम्भावित खतराबारे माननीय सदस्यज्यूहरूको यथेष्ठ ध्यानआकृष्ट होस् । सम्पूर्ण माननीयज्यूहरूलाई कार्यकालको सफलताको शुभकामना छ।

# बचत रकम लिएर फरार हुने सहकारी संस्था कालोसूचीमा

मधेशदृष्टि
काठमाडौ, १७ पुस । सहकारी संस्थाबाट ऋण लिएर समयमै नतिर्ने र सर्वसाधारणबाट संकलन गरेको बचत लिएर फरार हुने सञ्चालक तथा कर्मचारीलाई कालोसूचीमा राखिनेछ ।

त्यसका लागि सहकारी व्यवस्थापन समितिको कार्यालयले प्रक्रिया समेत अघि बढाएको जनाइएको छ । समितिको कार्यालयका अनुसार अहिले ११ वटा समस्याग्रस्त सहकारीका अटेरी ऋणी, पैसा खाएर भाग्ने सञ्चालक तथा कर्मचारीलाई कालोसूचीमा राख्ने गरी काम सुरू गरिएको छ ।

५० लाखभन्दा बढी ऋण लिएर नतिर्ने एकसय जनाभन्दा बढी ऋणीलाई समितिले एक साताको अल्टिमेटमसहित फोनबाट जानकारी गराइरहेको छ ।

एक सातामा नआए कालोसूचीमा राखेर सूचना प्रकाशित गरिने समितिका सदस्य सचिव केशव पौडेलले नेपाल प्रेसलाई जानकारी दिएका छन् ।

उनले भने, 'एउटै व्यक्तिले सहकारीबाट ८ करोड रूपैयाँसम्म ऋण लिएको देखिएको छ, कालोसूचीमा परेका ऋणीलाई राज्यको सबै सेवा सुविधाबाट वञ्चित गराइनेछ भने कुनै पनि बैकिङ कारोबार गर्न नपाउने गरी कारबाही गरिनेछ ।'

यसअघि समितिको कार्यालयले ऋणीलाई कर्जाको सावाँ र ब्याज चुक्ता गर्न १५ दिनको सीमा दिएर सूचना जारी गरेको थियो ।

सो समयमा ऋण चुक्ता नगर्ने ऋणी सहकारी ऐन, २०७४ को दफा ११५ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम कालोसूचीमा राख्ने जानकारी गराइएको थियो । कालोसूचीमा पर्ने ऋणीको राहदानी रोक्का लगायत अन्य बैंकिङ सुविधा लगायत अन्य कारोबार पनि रोक्का गरिनेछ । त्यस्तै स्थानीय तह र निर्वाचन आयोगलाई समेत आगामी निर्वाचनमा कालोसूचीमा परेका ऋणीलाई भाग लिन नपाउने व्यवस्था गराउन अनुरोधसहित पत्र पठाइने जनाइएको छ ।

सहकारी ऐन, २०७४ को दफा १०४ अनुसार मन्त्रालयले ११ सहकारीलाई समस्याग्रस्त घोषणा छ । यी सहकारीले अधिकांश ऋणीबाट अर्बौं रूपैयाँ कर्जा असुली गर्न बाँकी छ ।

समस्याग्रस्त सहकारी संस्थाहरुमा स्ट्यान्डर्ड सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ, प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट कोअपरेटिभ, प्रभु बचत तथा ऋण सहकारी संस्था, कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ, कञ्जुमर बचत तथा ऋण सहकारी, कुबेर बचत तथा ऋण सहकारी संस्था, चार्टर्ड सेभिङ एण्ड केरेडिट कोअपरेटिभ, भेगास बचत तथा ऋण सहकारी संस्था, स्ट्यान्डर्ड मल्टिपर्पोज कोअपरेटिभ, सोसाइटी बचत तथा ऋण सहकारी संस्था र लुनिभा बहुउद्देश्यीय सहकारी संस्था रहेको छ ।

# प्रदेश १ मुख्यमन्त्रीको दाबी आइतवार पेश गरिने

मधेशदृष्टि
विराटनगर, १७ पुस । प्रदेश १ को मुख्यमन्त्री नियुक्त गर्नका लागि पुस २४ गते आइतबार बेलुकी ५ बजेभित्र दाबी पेस गर्न समय सीमा दिइएको छ ।

प्रदेश प्रमुख पर्शुराम खापुङ्गले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम सरकार गठनको दाबी पेश गर्न आव्हान गरेका हुन् ।

उक्त संवैधानिक प्रावधानअनुसार प्रदेशसभामा कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त नगरेकाले अब उपधारा २ अनुसार प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत पुऱ्याएर मुख्यमन्त्री नियुक्तिका लागि दाबी पेश गर्न भनिएको छ । 'संविधानको धारा १६८ को उपधारा १ बमोजिम मुख्यमन्त्री नियुक्तका लागि प्रदेशसभामा कुनै दलले स्पष्ट बहुमत प्राप्त गरेको नदेखिएकाले नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरुको समर्थनमा बहुमत पुऱ्याएर मुख्यमन्त्री नियुक्तीका लागि दाबी पेश गर्न आह्वान गर्नु भएको छ' प्रदेश प्रमुखको कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

९३ सदस्यीय प्रदेशसभामा नेकपा एमालेका ४०, नेपाली कांग्रेसका २९, नेकपा माओवादी केन्द्रका १३, राप्रपाका ६, नेकपा एकीकृत समाजवादीका ४ र जसपाका एक जना सांसद छन् । सरकार गठनका लागि ४७ जना सांसदको समर्थन आवश्यक पर्छ ।

# सरकारमा जान नेकपा (एस) मा दुई धार



मधेशदृष्टि
जनकपुरधाम, १७ पुस । माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा सहभागी हुने-नहुने भन्नेमा एकीकृत समाजवादीमा दुई धार रहेको देखिएको छ ।

शनिबारदेखि सुरु स्थायी कमिटी बैठकमा अधिकांश नेताले सरकारमा सहभागी नभई आफ्नो शक्तिमा विश्वास गरेर पार्टी निर्माणमा लाग्नुपर्नेमा जोड दिएका छन् । केही नेताले भने सरकारको न्यूनतम साझा कार्यक्रम हेरेर समर्थन वा विरोध गर्नुपर्ने सुझाव दिएको बताइएको छ ।

बैठकमा सम्मानित नेता झलनाथ खनालसहित नेताहरू मुकुन्द न्यौपाने, केदार न्यौपाने, केशवलाल श्रेष्ठ, घनेन्द्र बस्नेत, धर्मनाथ साह, गरिमा शाह, जीवनराम श्रेष्ठ, नागेन्द्र चौधरी, राजेन्द्र राई, आलोक रायमाझी, उर्वादत्त पन्त, कल्याणी खड्का, गोविन्द कोइराला, चूडामणि जंगली, तुलबहादुर गुरुङ, देवसिंह महता र साध्यबहादुर भण्डारीले आ आफ्ना धारणा राखेका छन् ।

पार्टी उपाध्यक्ष धर्मनाथप्रसाद साहले नेतृत्व वामपन्थीको भए पनि संघीयताविरोधी र राजावादी सम्मिलित सरकारलाई समर्थन गर्न नहुने सुझाव दिएका थिए । 'नेतृत्वमा वामपन्थीको सरकार भए पनि संघीयताविरोधी र राजावादी समेत सम्मिलित खिचडी सरकारमा जानुहुँदैन । यस्तो सरकारलाई बाहिरबाट समर्थन गर्नु पनि हुँदैन । पार्टी निर्माणमा लाग्नुपर्छ,' उनले भने । वामपन्थीको नेतृत्व भए पनि सरकारमा गैरवामपन्थी, संघीयताविरोधी, राजावादीहरू सहभागी रहेको भन्दै सरकार बाहिरै रहेर पार्टी निर्माणमा जुट्नुपर्ने अधिकांश नेताले सुझाव दिए । स्थायी कमिटी सदस्य आलोक रायमाझीले अधिकांश सदस्यले आफ्नो शक्तिमा विश्वास गरेर पार्टीमा लाग्नुपर्नेमा जोड दिएको बताए ।

'सरकारमा जानेभन्दा संगठन निर्माणमा रणनीति बनाएर जानुपर्छ भन्ने धारणा अधिकांशको रह्यो । केहीले भने सम्मानजक अवस्थामा सरकारमा जानुपर्छ भन्ने धारणा राख्नुभएको छ । धारणा राख्ने क्रम जारी छ । भोलिसम्म निष्कर्ष आउने उनले भने ।स्थायी कमिटी सदस्य साध्यबहादुर भण्डारीले सरकारलाई समर्थन गर्ने र वामपन्थीहरूको सरकार बनाउन पहल गर्नुपर्ने सुझाव दिएका थिए । 'फरक विचार र आस्थाका पार्टी सम्मिलित सरकार पटक-पटक गिर्ने हुन सक्छ । वामपन्थीहरूको सरकार बनाउने दिशामा हामी लाग्नुपर्छ । त्यसका लागि अहिले सरकारलाई समर्थन गरेर जानुपर्छ भने ।'

ठोस निर्णय नभएको अवस्थामा पार्टी एकताको विषय उठाउनै नहुने सुझाव समेत नेताहरूले दिए ।

संगठन निर्माणको योजना बनाएर पार्टीलाई बलियो बनाउनुपर्नेमा उनीहरूले जोड दिएका छन् । एमालेसँग एकता गर्नुपर्ने पक्षमा उभिएका नेता मुकुन्द न्यौपानेले पनि तत्काल एकताको वातावरण नबनेको बताएको एक नेताले जानकारी दिए । उनले पनि बैठकमा सरकारमा जाने/नजाने भन्नेमा दुई धार देखिएको बताए ।

## मधेश सरकारको ...........

गठबन्धन, एमाले, माओवादी केन्द्र, जसपा, जनमत, राप्रपा, नागरिक उन्मुक्ति पार्टीहरु मिलेर मधेश प्रदेशका बलियो सरकार बनाउनेछ । तर मधेश प्रदेश सरकारको नेतृत्व गर्ने सबालमा मधेश केन्द्रित दुई दल जसपा र जनमतबीच सहमति हुने वातावरण नदेखिएपछि प्रदेश सरकार गठनको विषयमा विवाद हुँदै आएको थियो ।

हुनत एमालेका अध्यक्ष केपी शर्मा ओली र प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले मधेश सरकारको नेतृत्व आलोपालोमा जसपा र जनमतलाई दिने विषयमा मोटामोटि सहमत कुरा आइरहेको छ । तर पहिलो नेतृत्व जसपाले नै पाउने सहमति भएको बुझिएको छ ।

जसपाले प्रचण्ड नेतृत्वको सरकारको समर्थन गरेपनि औपचारिक रुपमा अझै आफ्ना मागबारे कुनै धारणा अहिलेसम्म सार्वजनिक गर्न सकेको छैन ।

यद्यपि जसपा भित्र चल्ने आन्तरिक छलफलमा उपराष्ट्रपति, केन्द्रमा तीन मन्त्रालय र मधेश सरकारको नेतृत्वको माग गर्ने विषय उठने गरेको छ तर औपचारिक निर्णय राजनीतिक समितिको बैठकबाट नै हुने जसपाका एक नेताले बताए ।

त्यसैगरी, जनमतले केन्द्रमा दुई मन्त्रालयसहित मधेश प्रदेश सरकारको नेतृत्वको दाबी गर्दै आएको छ ।

तर दुबै दलले अहिलेसम्म आफ्नो माग बारे गठबन्धन दलसंग गम्भीर रुपमा कुरा अझै राख्ने सकेको छैन । मधेश सरकारको नेतृत्वको विषयमा नै दुवै दल आ आफ्ना अडानमा थिए ।

प्रचण्ड नेतृत्वको सरकारमा भए वा नभए पनि मधेश प्रदेशमा भने आफ्नो नेतृत्वमा सरकार बनाउन पार्टीले गृह कार्य गर्दै आइरहेको उनले स्पष्ट गरे ।

यता, जनमत पार्टीका केन्द्रीय सदस्य विपी साहले मधेश प्रदेश सरकारको पहिलो खेपको नेतृत्व जनमतले पाउनु पर्ने दाबी गरेका छन् ।

उनले भने,' जसपाले पाँच सालसम्म सरकारको नेतृत्व गरे, तर खासै केही गर्न सकेनन् । यस्तो अवस्थामा जनमतले नेतृत्व पाउनुपर्छ ।

## संसद छिर्ने दाउमा .....

पठाउने र खाली भएको ठाउँ बारा २ मा आफैं चुनाव लडेर सत्ता साझेदार दलहरुको साझा उम्मेदवार भएर चुनाव जितेर आफैं संसदीय दलको नेता बन्ने दाउमा छन । सत्ता साझेदार दलहरूका बीचमा राष्ट्रपति एमालेले र उपराष्ट्रपति माओवादीले लिने सहमति छ । तर जसपाले उपराष्ट्रपति आफूहरुले पाउनैपर्ने भनेको छ । यसको सीधा कारण- संसदीय दलको नेता रामसहायप्रसाद यादवलाई उपराष्ट्रपति बनाउने र खाली भएको निर्वाचन क्षेत्रमा अध्यक्ष यादव आफैं उम्मेदवार बन्नेछ ।

# दूधको मूल्य बढाएकोमा कारवाहीको माग

मधेशदृष्टि
काठमाडौं, १७ पुस । एक वर्ष नबित्दै फेरि दूधको मूल्य बढाउनु गैरकानूनी रहेको भन्दै राष्ट्रिय उपभोक्ता मञ्चले डेरी एशोसिएशन लगायत डेरी उद्योगहरूलाई कारबाही गर्न माग गरेका छन् ।मञ्चले प्रधानमन्त्रीलाई कारबाहीको माग गर्दै पत्र समेत पठाएको जनाएको छ । मञ्चले प्रधानमन्त्रीलाई लेखेको पत्रमा नेपाल डेरी उद्योग संघ र संघ आबद्ध डेरीहरूले लिटरमै १४ रुपैयाँ भाउ बढाएर उपभोक्ता मूल्य नै प्रतिलिटर सय रुपैयाँ पुऱ्याएर ठूलो आर्थिक भार पर्न गएको भनेका छन् । २०७८ माघ महिनामा ६० रुपैयाँबाट प्रतिलिटर ८६ रुपैयाँ पुऱ्याएको एक वर्ष पनि नबित्दै फेरि लिटरमा १४ रुपैयाँ बढाउने निजी क्षेत्रको काम राष्ट्रिय दुग्ध ऐन र नीति नियम विपरीत रहेको छ । एक पटक मूल्य बढाएको मितिले कम्तीमा दुई वर्ष मूल्यवृद्धि गर्न नपाउने नियम रहेको छ । दूग्ध उत्पादक सहकारी संघ राष्ट्रिय दुग्ध विकास बोर्ड तथा अन्य सरोकारवाला निकायहरूलाई कुनै जानकारी नदिइ एक्कासि नेपाल डेरी उद्योग संघले उपभोक्ता मूल्य १४ रुपैयाँ बढाएर प्रतिलिटर १०० रुपैयाँ पुऱ्याउनु गैरकानूनी हो, ज्ञापन पत्रमा भनिएको छ । मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले डेरी उद्योग तथा नेपाल डेरी उद्योग संघबाट गरेको मूल्य वृद्धि तत्काल फिर्ता लिन लगाउन र गैरकानूनी कार्य गर्नेलाई कारबाही गर्न माग गरिएको बताएका छन् ।

## प्रधानमन्त्रीको घोषणाले जनतामा ....................

विमान स्थल निर्माणले गति लिने अपेक्षा स्थानियवासिन्दाले गरेका छन ।

सरकारले गठन गरेको विज्ञको समूहले बाराको निजगढमै विमानस्थल बनाउन सकिने निर्षकर्ष सहितको प्रतिवेदन सरकारलाई पेश गरिसकेको छ । तर कसरी विमानस्थल निर्माण अघि बढाउने भन्नेबारे सरकार अनिर्णित छ ।

प्रधानमन्त्री प्रचण्डले अब निजगढ विमानस्थल अघि बढाउने भन्दै पोखरा अन्तर्राष्ट्रिय विमानास्थलको कारण कास्कीलाई धेरै मुलुकसँग जोड्न मिल्ने बताउनु भएको छ । उहाँले कास्कीबासीको चाहना पुरा भएको भन्दै पोखरा विमानास्थलले देशकै अर्थतन्त्रमा योगदान गर्ने बताए ।

उनले पोखराबासीको सपना पुरा भएसँगै अब वाराको निजगढमा पनि अन्तर्राष्ट्रिय विमान स्थल निर्माण गरी त्यस क्षेत्रका बासिन्दाले लामो समय देखि उठाउँदै आएकोमाग सरकारले पुरा गर्ने प्रतिबद्धता व्यक्त गरे । विगत १० बर्ष अगाडी निजगढमा अन्तर्राष्ट्रिय विमान स्थल निर्माण गर्न तत्कालिन माधव नेपाल नेतृत्वको सरकारले निर्णय गरेको थियो ।

गत १० बर्ष देखि निजगढमा अन्तर्राष्ट्रिय विमान स्थल निर्माणका लागि प्रयास भए पनि त्यसले ठोस रुप लिन नसकेको र देउवा सरकारका तत्कालिन पर्यटन मन्त्री प्रेम आलेले निजगढ अन्तर्राष्ट्रिय विमान स्थल निर्माणका लागि केन्द्र स्तरबाटै कार्यक्रम अगाडी बढाएपछि विमान स्थल निर्माण क्षेत्रमा पर्ने रुख कटानका लागि टाँचा लगाउने काम समेत सम्पन्न भएको थियो ।

मुआब्जा वितरण र टाँचा लगाउने काम अन्तिम चरणमा पुगेको बेला सर्वोच्च अदालतले वातावरण सम्बन्धी विषयलाई लिएर निजगढमा अन्तर्राष्ट्रिय विमान स्थल निर्माण गर्न नहुने सम्बन्धमा विवादस्पद निर्णय गरेसँगै त्यसको चौतर्फी विवाद भएको थियो ।

सर्वोच्चको निर्णय पूर्ण पाठमा सच्चिएर आएपछि विमान स्थल निर्माणमा सर्वोच्चको फैसला बाधक नबनेपनि निर्माण कार्यले भने त्यसपछि गति लिन सकेको थिएन ।

आईतबार प्रधानमन्त्री स्वयंले अब निजगढ अन्तर ाष्ट्रिय विमान स्थल निर्माणमा सरकार केन्द्रित भएको घोषणा गरेपछि अब विमान स्थल निर्माण कार्य अगाडी बढने अपेक्षा यस क्षेत्रका वासिन्दाले लिएका छन ।

# गुमेको जग्गा फिर्ता पाएपछि किसानमा खुसीयाली

मधेशदृष्टि
जनकपुरधाम, १७ पुस
नदीको बहाव परिवर्तन हुँदा खेतीयोग्य जग्गा फिर्ता पाउने आशासमेत मारिसकेका किसानले आफ्नो जग्गा फिर्ता पाएका छन् ।

मधेश प्रदेशको धनुषा मुखियापट्टी मुसहरनिया गाउँपालिका भएर बग्ने जमुनी नदीले आफ्नो बहाव परिवर्तन गर्दा नदीको सिमाना नै भारततर्फ गएपछि एक दर्जन बढी किसानले खेतीयोग्य जग्गा गुमाउनु परेको थियो ।

अहिले ती किसान गुमाएको जग्गा फिर्ता पाई पुनः उपभोग गर्न पाउँदा निकै खुसी भएका छन् ।

मुखियापट्टी मुसहरनिया गाउँपालिकामा पर्ने सीमा स्तम्भ नं २८८ देखि २८९/८ वरिपरिको जग्गा जमुनी नदीले बहाव परिवर्तन गर्दा नदीको सीमाना भारततर्फ पर्न गएको जग्गा फिर्ता हुने आससमेत मारेका किसान पुनः आफ्नो जग्गा उपभोग गर्न पाउँदा निकै खुसी भएका हुन् ।

नेपाल तथा भारत दुवैतर्फका सीमा सुरक्षा बलको उपस्थितिमा दुवैतर्फका किसानले आफ्नो लालपुर्जा अनुसारको जग्गा उपभोग गर्न पाउने भनि यही पुस १२ गते निर्णय भएपछि किसानले गुमाएको जग्गा फिर्ता पाएका हुन् ।

मुखियापट्टी गाउँपालिकाका अध्यक्ष जयकुमार यादवले दुवैतर्फका सीमा सुरक्षा बलको उपस्थितिमा भएको निर्णयबाट किसानले जग्गा फिर्ता पाएको बताए । गाउँपालिका अध्यक्ष यादवले भन्नुभयो, "आफूले कर तिरेको जमिन पूर्ण रूपमा उपभोग गर्न पाउनुपर्छ भन्ने फियान नेपालको प्रयास सफल भएको छ, यसमा नेपाल तथा भारतका सीमा सुरक्षाकर्मीको पनि साथ सहयोग रह्यो ।

फियान नेपालका मधेश प्रदेश संयोजक नन्दनी यादवले विगत एक वर्षदेखि उक्त समस्यामा परेका किसानको पक्षमा अभियान चलाइएको बताए ।

विगत एक वर्षको पहलमा वडास्तरीय बैठकदेखि सीमा प्रभावित खाद्य अधिकार समूह पनि गठन गरेर त्यस्तो समूहलाई एकजुट बनाइ वडादेखि पालिका हुँदै जिल्लास्तरसम्म भूमि फिर्ता गर्ने प्रयास सफल भएको छ, उनले भने । मुखियापट्टी मुसहरनिया-२ स्थित नेपाल-भारत सिमानामा पर्ने उक्त नदीले बहाव परिवर्तन गर्दा १५ किसानले आफ्नो जग्गा गुमाउने अवस्था सिर्जना भएको थियो ।

आफूले कर तिर्दै र उपभोग गर्दै आएको खेतीयोग्य जमिन भारततर्फ पर्दा लामो समयसम्म हातमा लालपुर्जा हुँदा पनि भूमिहीन जस्तो भएर जीवनयापन गर्नुपरेको किसान भिखारी यादव भन्छन् ।

उनी भन्छन आस थिएन, यस जन्ममा यो जग्गा फिर्ता पाउँछौं भनेर, किनकि विगतमा धेरै प्रयास गरियो, तर पनि कुनै उपाय लागेन । खोलाबारिबाट आफ्नो जमिन टुलुटुलु हेर्दै बस्नुपर्थ्यो सबैको साथ र सहयोगमा आफ्नो जमिन पुनः उपभोग गर्न पाउँदा निकै खुसी लागेको छ ।

यादवले तीन कट्ठा जग्गाको कर १० वर्षदेखि नेपाल सरकारलाई तिर्दै आए पनि उपभोग गर्न पाउनुभएको थिएन । विगतका दिनमा पनि सो जग्गामा खेती गर्न नपाउँदा निराशा भोग्नु परेको थियो तर लामो समयपछि आफूले कर तिरेको जमिन भोगचलन गर्न पाउँदा निकै नै खुसी भएको उनले बताए ।

## २८ करोडको सुन्तला ..................................

सोलबहादुर चितौरेले यसवर्ष रु तीन लाख ५० हजार बराबरको सुन्तला बिक्री गरेका छन ।

राजनीतिसँगै सुन्तलाखेती

म्याग्दे गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरे राजनीतिसँगै सुन्तलाखेतीमा आबद्ध हुनुहुन्छ । विसं २०५३ देखि सुन्तलाखेतीमा आबद्ध रहनुभएका घिमिरेले कृषिसँगै राजनीतिलाईसँगै अगाडि बढाइराखेका छन ।

देशमा उत्पादन र जीविकापार्जनका लागि वातावरण नभएको भन्दै युवा विदेशिरहेको अवस्थामा उपाध्यक्ष घिमिरे भने सुन्तलाखेतीबाट वार्षिक लाखौं आम्दानी गर्दै आएका छन । घिमिरेले सुन्तलाखेतीबाट वार्षिक रु २० लाख आम्दानी गरिरहेका बताए । घिमिरेको सुन्तलाफार्ममा अहिले आठ सय ५० सुन्तलाका बोट छन् । म्याग्दे-२ जोगीथुममा सुन्तलाखेती गरिरहेका घिमिरेले यस वर्ष रु २० लाखको सुन्तला बिक्री गरेको जानकारी दिए ।

विसं २०३५ मा कृषिको जेटिए अध्ययन गरेका घिमिरे आठ वर्षसम्म शिक्षक पेसामा संलग्न हुनुहुन्थ्यो । नेपाली कांग्रेसका नेता घिमिरे विसं २०४९ मा गाउँ विकास समितिको अध्यक्ष बनेका थिए । राजनीतिसँगै सुन्तलाखेतीलाई अगाडि बढाइरहेको छु, हरेक व्यक्ति उत्पादनसँग जोडिनैपर्छ घिमिरेले भने । नेपालको हावापानी उर्वर रहेको जनाउँदै घिमिरेले कामप्रति इमान्दार रहने हो भने आत्मनिर्भर बन्न गाह्रो नभएको उल्लेख गरे । यति राम्रो उर्वरभूमि छाडेर हामी भने मरुभूमिमा भविष्य खोजिरहेका छौं, योभन्दा नराम्रो पक्ष के हुनसक्छ, उनले भने ।

परिश्रम नगर्ने तर तत्काल फल खोज्ने परिपाटीले परनिर्भर बनेको जनाउँदै घिमिरेले भने , विदेशमा गर्ने दुःख नेपालमा मात्र गर्ने हो भने नेपाल जस्तो स्वर्ग देश अन्त छैन । सुन्तला खेती गरेर आर्थिक रुपमा सबल बनेको जनाउँदै घिमिरेले सुन्तलाखेतीबाट सन्तुष्टि मिलेको बताए । सुन्तला फार्ममा आएर काम गर्दा छुट्टै आनन्दको अनुभूति हुन्छ, हरियाली र लटरम्म फलेका सुन्तला देख्दा आनन्द आउँछ, उनी भन्छन ।

सुन्तलाखेतीका लागि गाह्रो नभएको बताउँदै छ महिना यसको हेरचाह गर्ने हो भने वर्षदिनलाई मनग्य आम्दानी हुने घिमिरेको अनुभव छ । उनी भन्छन ,सुरुका तीन वर्ष यसको बढी रेखदेख गर्नुपर्दछ, अनि फल दिइसेकपछि लामो समयसम्म यसबाट आम्दानी लिन सकिन्छ । फार्ममा आएर काम गर्दा फूर्तिलो र नवीन सोचको विकास हुने घिमिरेले बताए । बर्सेनि रु २० लाखको सुन्तला बिक्री गर्दै आएको छु, सुन्तला बिक्रीका लागि कुनै समस्या छैन, देशभरबाट सुन्तला खरिदका लागि अग्रिम बुकिङ हुन्छ, उनले भने ।

सुन्तला खेती अवलोकनका लागि विभिन्न स्थानबाट मानिस आउने गरे पनि स्थानीयले भने कृषिको महत्व नबुझेको घिमिरे बताउछन । विसं २०७४ को स्थानीय तहको निर्वाचनमा उपाध्यक्ष पदमा जित हासिल गर्नुभएका घिमिरेले यस पटकको स्थानीय तह निर्वाचनमा पुनः उपाध्यक्षमा विजय प्राप्त गरेका छन । घिमिरेले सुन्तलाखेतीका अलवा ईँटाभट्टा व्यवसायबाट पनि थुप्रैलाई रोजगारी दिइरहेका छन ।रासस



# पूर्वप्रमुख पादरी बेनेडिक्टको निधनमा अमेरिकी राष्ट्रपतिद्वारा शोक प्रकट



वासिङ्टन, १७ पुस
अमेरिकाका राष्ट्रपति जो बाइडेनले संसारभरका क्याथोलिक गिर्जाघरका पूर्वप्रमुख पादरी बेनेडिक्टको सोह्रौंको असामयिक निधन भएकामा शोक प्रकट गर्नुभएको छ । पञ्चानब्बे वर्षको उमेरमा शनिबार बिहान भ्याटिकनको मेटर इक्लेसिया मठमा उनको निधन भएको हो ।पूर्वप्रमुख पादरी बेनेडिक्टले इसाई धर्मको पुनर्जागरणका निम्ति गरेको योगदान र गिर्जाघरप्रतिको उनको समर्पणको अमेरिकी राष्ट्रपतिले प्रशंसा गरेका छन । धर्मपत्नी जिलसहित विश्वभरका इसाई धर्मावलम्बीप्रति अमेरिकी राष्ट्रपतिले शोक व्यक्त गर्दै उनीहरूप्रति समवेदना व्यक्त गरेका छन । शोक सन्देशमा अमेरिकी राष्ट्रपतिले पादरी बेनेडिक्ट एक निष्ठावान् व्यक्ति थिए भन्दै उनका सिद्धान्तहरूलाई विश्वले सधैँ सम्झने बताएका छन ।

सन् २०१३ मा उहाँले स्वास्थ्यको कारण देखाउँदै पदबाट राजीनामा गरेका थिए । छ सय वर्षपछि पदबाट त्यसरी राजीनामा गर्ने उनी पहिलो प्रमुख पादरी थिए । त्यस बेला उनले एक अर्ब २० करोड क्याथोलिकका गिर्जाघर सम्हाल्ने शक्ति आफूमा नरहेको घोषणा गर्दै पदबाट बाहिरिएका थिए ।

जर्मनीका लजालु धर्मशास्त्री बेनेडिक्टले धर्मनिरपेक्ष युरोपमा इसाई धर्मलाई पुनजागृत गर्ने प्रयास गर्नुभएको थियो । आगामी बिहीबार पोप फ्रान्सिसको अगुवाईमा सेन्ट पिटर स्क्वायरमा उनको अन्त्येष्टि हुनेछ । सोमबारदेखि उनको शव सेन्ट पिटरको बासिलिकामा श्रद्धाञ्जलिका निम्ति राखिने भ्याटिकनले जनाएको छ ।

विश्वका विभिन्न देशका नेताहरूले पूर्वपोपको निधनमा गहिरो दुःख व्यक्त गर्दै उनीप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गरेका छन् । (रासस/एएनआई)

# पहिरोमा परी कम्तीमा दश खानी कामदारको मृत्यु

बुकाभु, १७ पुस
पूर्वी प्रजातान्त्रिक गणतन्त्र कङ्गोको दुई अस्थायी खानीमा भीषण वर्षापछि आएको पहिरोमा परी कम्तीमा १० जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले शनिबार बताएका छन् ।दक्षिण किभु प्रान्तको फिजी एन्क्लेभमा बिहीबारदेखि शुक्रबार रातिको भारी वर्षापछि यो प्रकोप आएको स्थानीयहरूले बताएका छन् ।

पहिरोले सो क्षेत्रका दुईवटा सुन खानी स्थलमा क्षति पुगेको छ । अस्थायी खानीका १० जनाको मृत्यु, नौ जना घाइते, र बेपत्ता छन् । अधिकांश पीडितहरू कारीगर खानीका रहेका बताइएको छ। दुई खानी साइटहरूमा बारम्बार पहिो आउने गरेको बताइएको छ ।

दश जनाको मृत्यु भएको पुष्टि भएको र अन्य शव निकाल्ने खोजी टोलीले प्रयास गरिरहेको स्थानीय रेडक्रसका अधिकारी ओनेसफोर काबन्डिल्वाले बताउनु भएको छ । अन्य शव निकाल्न खोजी टोलीले प्रयास गरिरहेको उनले बताए ।

डिसेम्बरको मध्यमा, मुसलधारे वर्षाको कारण आएको बाढीले देशको पश्चिममा रहेको राजधानी किन्शासामा एक सय ६० भन्दा भन्दा बढी मानिसको ज्यान गएको जनाइएको छ । (रासस/एएफपी)





नेशनल इन्फोटेक कप २०७९ आइतबार भएको खेलमा त्रिजुद्ध र एम्पेरिअल बिच भएको खेल को दृश्य ।
*तस्बिर : सजल श्रेष्ठ*

# चिनियाँ र रुसी राष्ट्रपतिद्वारा नयाँ वर्षको शुभकामना आदानप्रदान

बेइजिङ, १७ पुस
चिनियाँ र रुसी राष्ट्रपतिले नयाँ वर्ष २०२३ को अवसरमा दुई नेता र दुई देशका नागरिकलाई शुभकामना आदान प्रदान गर्नुभएको छ ।शनिबार साँझ उहाँहरुलाई नयाँ वर्ष २०२३ को स्वागत गर्दै यस वर्षले दुवै देशका नागरिकमा शुभकामना आदान प्रदान गर्दै आपसमा बधाई पनि साटा साट गरेको बताइएको छ ।चिनियाँ राष्ट्रपति सि चिनफिङले नयाँ वर्ष २०२३ को शुभकामना दिँदै रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र उहाँमार्फत् रुसी नागरिकमा बधाई ज्ञापान गर्नुभएको चिनियाँ समाचार समिति सिन्ह्वाले जानकारी दिएको छ ।चिनियाँ राष्ट्रपति चिनफिङले चीन सरकार र चिनियाँ जनता तथा आफ्ना तर्फबाट रुसी राष्ट्रपति, रुस सरकार र त्यहाँका नागरिकलाई नयाँ वर्षको शुभकामना र बधाई ज्ञापन गरेको समाचारमा जनाइएको छ ।

चिनियाँ राष्ट्रपति चिनफिङले सन् २०२२ विश्वमा नै कोरोना महामारीका साथै अन्य विभिन्न समस्यामा परेको भन्दै तर यस वर्ष चीन र रुसबीचको सम्बन्ध सुमधुर रहेको सो शुभकामना सन्देशमा उल्लेख गरेका छन ।त्यसैगरी यस सन् २०२३ मा पनि दुई देश असल सम्बन्ध र आपसी सहयोगका साथ अघि बढ्ने विश्वास पनि चिनियाँ राष्ट्रपति चिनफिङले सो सन्देशमा व्यक्त गर्नुभएको छ ।त्यसैगरी रुसी राष्ट्रपति पुटिनले पनि यस नयाँ वर्षमा चीन रुस सम्बन्ध सुमधुर हुने र आपसी सहयोगका साथ अघि बढ्ने बताएका छन ।

रुसी राष्ट्रपति पुटिनले आफ्नो तर्फबाट र रुसी सरकारका तर्फबाट चिनियाँ सरकार र नागरिकलाई शुभकामना व्यक्त गरेका छन । (रासस/सिन्हवा)

# नेपाल टि–२० लिग क्रिकेट : काठमाडौँले जनकपुरलाई हरायो

काठमाडौँ, १७ पुस
राजधानीमा जारी पहिलो संस्करणको टि-२० क्रिकेट लिग प्रतियोगितामा काठमाडौँ नाइट्स जनकपुर रोयल्सलाई पराजित गर्दै विजयी भएको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा काठमाडौँ जनकपुरलाई ९० रनको फराकिलो अन्तरले पराजित गर्दै विजयी भएको हो ।

काठमाडौँले दिएको एक सय ८१ रनको विजयी लक्ष्य पछाएको जनकपुर १९ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै ९० रनमा समेटियो । जनकपुरका लागि अरफुदिन असरफले सर्वाधिक ३३ रनको योगदान दिए भने सोमापाल कामीले २१ रन बनाए ।

त्यस्तै खड्क बोहोराले १० रन बनाउनुबाहेक अन्य व्याट्सम्यानले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । काठमाडौँका अभिनास बोहोरा एक्लैले चार विकेट लिए भने अजमतुल्लाह उमरजाईले दुई विकेट लिए । त्यसैगरी कमलसिंह ऐरी, अनिल खरेल र बसिर अहमदले समान एक/एक विकेट झारे । त्यसअघि टस हारेर पहिले व्याटिङको निम्तो पाएको काठमाडौँले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै एक सय ८० रनको योगफाल बनाएको थियो । काठमाडौँका लागि सुनाम गौतमले सर्वाधिक ६२ रनको योगदान दिएका थिए ।

त्यस्तै रायन बर्लले ६१ रन जोडे भने एलेक्स ब्लेकले २०, अजमतुल्लाह उमजाईले १० तथा लोकेश बमले सात रन बनाए । जनकपुरका लागि जितेन्द्र मुखियाले दुई विकेट लिए भने शरफुदिन असरफ र कप्तान ट्राभोल ग्रिफिथले समान एक/एक विकेट लिए । यससँगै पाँच खेलको काठमाडौँ तीन जितसँगै छ अङ्क जोडेर अङ्क तालिकाको तेस्रो स्थानमा रहेको छ । त्यसैगरी छ खेल खेलेको जनकपुर चार खेलमा जित हात पार्दै आठ अङ्कका साथ अङ्क तालिकाको दोस्रो स्थानमा छ । लुम्बिनी अल स्टार छ खेलमा पाँच जित हात पार्दै १० अङ्कका साथ अङ्कताकिलाको शीर्ष स्थानमा छ । यही पुस २७ गते हुने फाइनल खेलको विजेताले रु ५५ लाख तथा उपविजेताले रु ३० लाख प्राप्त गर्नेछ ।रासस

# वर्षान्त २०२२: महामारी, जलवायु प्रकोप र बढ्दो भूराजनीतिक तनावले तड्पिएको वर्ष

काठमाडौँ, १७ पुस
कोरोना महामारी, निरन्तरको जलवायु प्रकोप, बढ्दो भूराजनीतिक तनाव, थलिएको अर्थतन्त्रमा कछुवाको गतिमा झिनो सुधार, ऊर्जा र खाद्यन्नको अकल्पनीय मूल्य वृद्धिलगायत चुनौतीका चाङ छाडेर सन् २०२२ विश्वबाट बिदा भएको छ । चुनौती नै चुनौतीको चौबाटोमा धकेलिएको सन् २०२३ को भविष्य विभाजनको घेराबाट बाहिरिएर आपसी एकताका साथ समयको हाँक सामना गर्दै विगतका कमीकमजोरीबाट पाठ सिकेर अघिबढ्ने भन्ने निर्णयमा निर्भर हुनेछ ।

अन्तर्राष्ट्रिय मौद्रिक र व्यापार प्रणालीमा ठूलो उतारचढाव आयोभने अन्तर्राष्ट्रिय मुद्रा कोषले विश्वको आर्थिक वृद्धि यो वर्ष ३.२ प्रतिशतबाट २०२३ मा २.७ प्रतिशतमा घट्ने प्रक्षेपण गर्‍यो । युरोजोन र जापानमा मुद्रास्फीति नयाँ उचाईमा पुग्यो । राष्ट्रसङ्घीय व्यापार तथा विकास सम्मेलनले करिब ९० विकासशील देशको मुद्रा डलरको तुलनामा कमजोर भएको जनायोभने कोषले ६० प्रतिशतभन्दा बढी कम आय भएका विकासशील देश ऋण सङ्कटमा परेको विवरण सार्वजनिक गर्‍यो । अघिल्लो वर्षको प्रारम्भदेखि नै युरोपको आकाशमा मडारिएको युद्धको कालो बादल रुस-युक्रेन द्वन्द्वले विश्वभर पीडा र अनिश्चयमात्र थोपरेन अपितु औषधिलगायत अत्यावश्यक सामग्रीको आपूर्ति शृ~लालाई तहसनहस बनायो । गहिरिदै गएको युक्रेन सङ्कटले क्षेत्रीय र वैश्विक सुरक्षामा अन्तहीन अवरोध खडा गर्‍यो । अमेरिकासहितका पश्चिमा राष्ट्र मस्कोको विरोधमा उत्रदा चीन र इरानलगायत केही देशको मौनताले युक्रेन युद्ध अन्त्य गर्ने प्रभावकारी प्रयास हुन सकेनन् । अन्ततः विश्वव्यापी सुरक्षा व्यवस्था नै जोखिमको शिकार भयो ।

युक्रेन सङ्कट बढेपछि अमेरिका र उसका सहयोगीले रुसको ऊर्जा र अन्न निर्यातका माध्यम निलम्बन गर्ने, रुसी उत्पादन वहिष्कार गर्नेलगायत कठोर कदमको घोषणा गरेपछि इन्धन र खाद्यान्नको मूल्य बढेर उपभोक्तामा ठूलो चोट पर्‍यो । युरोपेली सङ्घमा आबद्ध देश पनि इन्धन र खाद्यान्नको बढ्दो मूल्यबाट पीडित भए भने प्राकृतिक ग्यासको किफायती प्रयोगमा जान र मूल्यलाई स्थिर राख्न बाध्य भए । यद्यपि अपेक्षित लक्ष्य र उद्देश्य हासिल हुन सकेनन् । फलतः युरोपमा मूल्यवृद्धिको पीडामाथि अस्थिरता र असुरक्षाको अर्को पीडा थपियो । अफ्रिकी देश पनि त्यसबाट अछुतो रहेनन् । खाद्यसुरक्षाका मुद्दाले उनीहरूलाई पनि आहात तुल्यायो ।

ताइवानको विषयलाई लिएर अमेरिका र चीनबीचको द्वन्द्व जारी रह्यो भने उत्तरकोरियाको आणविक अस्त्र निर्माणको महात्वाकाङ्क्षी योजनाले कोरियाली प्रायद्वीपमा दिगो शान्ति कायम गर्ने सत्प्रयासमा प्रतिकूल प्रभाव पार्‍यो । जापान, दक्षिणकोरिया र अमेरिकाको प्योङ्याङलाई एक्ल्याउने रणनीतिले परिस्थितिलाई अझ जटिल र उत्तेजक बनायो । अमेरिकासम्म प्रहार गर्ने क्षमताका क्षेप्यास्त्र निर्माणमा उत्तरकोरिया अनवरत लागिरह्यो । एकपछि अर्को गर्दै एकतर्फी रूपमा लगाइएका आर्थिक नाकाबन्दीले उत्तरकोरिया आधारभूत मानवीय सहायतासमेत प्राप्त गर्न नसक्ने अवस्थामा पुग्यो । वर्ष २०२२ मा प्राकृतिक विपत्ति र जलवायुजन्य आपत्ले विश्वलाई नराम्ररी गाँज्यो । जलवायु परिवर्तनका कारण संसारमा समस्यामाथि समस्या थपिए । विश्वका धेरै देशले वन डढेलो बाढी, पहिरो र भूकम्पदेखि चरम मौसमी घटनासँग लड्नुपर्‍यो । जलवायु परिवर्तनसम्बन्धी समस्या बढ्दा वेमौसमी वर्षा र चक्रवातले सयौँको ज्यान लियो भने पचासौँ हजारको जीवन कष्टकर बन्यो । केही दिनअघि अमेरिकाको बफेलोले झेलेको हिमआँधी होस् वा युरोपेली र अफ्रिकी देशको सुक्खा एवम् खडेरी, जमिन र जलका जीवको अस्तित्वमा परेको सङ्कटलाई विज्ञान र प्रविधिको क्षेत्रमा भएको विकासले सघाउन सकेन ।

दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)को संस्थापक सदस्य पाकिस्तानमा बाढीमा परी एक हजार सात सय ३९ जनाले ज्यान गुमाए भने ९६ लाख बालबालिकासहित तीन करोड ३० लाख विस्थापित भए । अर्बौंका भौतिक सम्पत्ति र संरचना नष्ट भए । सार्कको अर्को सदस्य देश श्रीलङ्का आर्थिक अनुशासन कायम गर्न नसक्दा टाट पल्टियो भने राष्ट्र र जनताका निम्ति केही नगर्ने शासकहरूलाई जनताले सत्ताबाट भगाएर नयाँ राजनीतिक नेतृत्वलाई राज्यसत्तामा स्थापित गराए । भारतको आसामलगायत अन्य राज्य बाढीको चेपेटामा पर्दा दुई सय जनाभन्दा बढीको ज्यान गयो ।

दक्षिणअफ्रिकाको बाढीले एक सय ६१ जनालाई बगायो भने पूर्वी अफ्रिकी देश खडेरीको पीडाबाट मुक्त हुन सकेनन् । मानवीय मामिलासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यालयका अनुसार सोमालियोका खडेरीले ७१ लाखलाई भोकमरीको जोखिममा धकेल्यो भने युगाण्डामा अन्तर्राष्ट्रिय समुदायले सहयोग नगरे हरेक ३६ सेकेण्डमा खान नपाएर एक जनाले मर्नुपर्ने परिस्थिति सृजना हुने युरोपेली आयोगको चेतावनी सार्वजनिक भयो । कङ्गोको अवस्था पनि दयनीय रह्यो । ब्राजिलको पहिरोमा दुई सय ३३ जना पुरिए भने इण्डोनेशियाको भूकम्पले तीन सय ३४ जनाको ज्यान लियो । हजारौँ प्रभावित भएभने करोडौँका भौतिक संरचना भग्नावशेषमा परिणत भए ।

सन् २०२२ आर्थिक सङ्कटका साथै राजनीतिक र सामाजिक विकृतिले भरिएको वर्ष बनेर गयो । विकासोन्मुख देशको मानव विकास सूचकाङ्कमा खासै सुधार आएन भने, विश्वव्यापी शासन प्रणालीमा पनि खासै सुधार आएन बरु गम्भीर खतरा खडा भए । जापानको पश्चिमी सहर नारामा आयोजित चुनाबी सभालाई सम्बोधन गर्ने क्रममा पूर्वप्रधानमन्त्री सिन्जो आबेमाथि गोली प्रहार गरी हत्या भयो । बेलाइतकी महारानी एलेजाबेथ द्वितीय ७० वर्ष राज्यसत्ता सञ्चालन गरेर अनन्तयात्रामा निस्कनुभयो भने राजनीतिक स्थायित्व र लोकतन्त्रको जननी मानिने बेलाइतमा लिज ट्रस र बोरिस जोनसनले राजीनामा दिएपछि ऋषि सुनक ५० दिनमा देशको तेस्रो प्रधानमन्त्री हुनुभयो । बुर्किनाफासोमा दुईपटक सत्ता हत्याउने प्रयास भए जसले अन्तर्राष्ट्रिय समुदायलाई स्तब्ध बनायो ।

अन्तर्राष्ट्रिय फुटबलको महाकुम्भ सफलतापूर्वक आयोजना गरेर सानो खाडी मुलुक कतारले एसिया महादेशको गरिमा बढायो भने ३६ वर्षपछि साबिक विजेता फ्रान्सलाई हराएर अर्जेन्टिनाले विश्वकप फुटबलको उपाधिमाथि कब्जा जमायो । अफ्रिकी मुलुक मोरक्कोको विश्वकप यात्रा र खेल प्रदर्शन पनि खेलप्रेमीका निम्ति अविष्मरणीय रह्यो । यो वर्ष समाप्त हुन एक दिन बाँकी हुँदा विश्व फुटबल इतिहासमा सबैभन्दा बढी पारिश्रमिक लिने पोर्चुगलका 'स्टार' सैतीस वर्षीय खेलाडी क्रिस्टियानो रोनाल्डोले आफ्नो अर्को परिचय बनाए- साउदी अरबको अल नासर फुटबल क्लबसँग वार्षिक २० करोड डलर पारिश्रमिक लिने सम्झौता गरेर । रोनाल्डोका प्रशंसकहरूमाझ यो खुशीको खबर सार्वजनिक भएको एक दिन अघि विश्वका महान् फुटबलर पेलेको निधनले दक्षिण अमेरिकी मुलुक ब्राजिललाई मात्र नभई संसारभरका फुटबलप्रेमी सबैलाई स्तब्ध बनायो । सोही दिन भारतका प्रधानमन्त्री नरेन्द्र मोदीकी माताको पनि निधन भयो । वर्षको अन्तिम दिन फेरि विश्वका एक अर्ब २० करोड क्याथोलिकमाथि बज्रपात भयो पूर्वप्रमुख पादरी बेनेडिक्टको निधनले । क्याथोलिक चर्चका विसङ्गति र विवादका बीच एक दशकअघि पदबाट राजीनामा दिएर भ्याटिकनको मठमा बसेका उनले छ सय वर्षपछि प्रमुख पादरीबाट राजीनामा गर्ने पहिलो प्रमुख पादरीका रुपमा इतिहास रचेका थिए । विश्वको जनसंख्या आठ अर्ब पुगेको यो वर्षमा उत्पादन र उत्पादकत्व बढाउने खासै गतिविधि नभएकामा संयुक्त राष्ट्रसङ्घका महासचिवको चिन्ता फ्रान्सेली दैनिक ले मोन्डेमा छापियो । उहाँको चिन्ताको कारण जनस~्या वृद्धिमात्र नभएर हाम्रो मानव परिवारबीच बढ्दो विभाजन, पृथ्वीका प्राकृतिक स्रोतको चरम दोहन र त्यसले निम्त्याउने विपद्प्रति लक्षियत थियो । 'हुँदा खाने र हुनेखाने' बीचको गहिरो खाडल पुर्नेतर्फ विश्व समुदाय लाग्नुपर्ने महासचिवको मननीय सन्देश छ । रासस

SS Product
माधो एग्रो
धान थ्रेसर

तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने
हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।
कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस् ।
माधो एग्रो थ्रेसरको विशेषताहरू:
१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८0 देखि १00 मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।
* शर्तहरु लागु हुनेछ ।
सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

# ठोरीमा १० हजारभन्दा बढी नयाँ वर्ष मनाउन पुगे



मधेशदृष्टि
वीरगंज, पुस १७ ।
मधेश प्रदेशकै पर्यटनको केन्द्रको रुपमा रहेको पर्साको सुदुरपश्चिम ठोरीमा अंग्रेजी नयाँ वर्ष २०२३ मनाउन १० हजार भन्दा बढी भारतीय पर्यटक आएका छन ।
आइतवार नयाँ बर्ष मनाउनका लागि भारतको पटना, बेतिया, समस्तीपुर, मुजफ्फरपुर, मोतीहारी, नरकटियागंज आसपासका क्षेत्रका वासिन्दा ठोरी घुम्न र वनभोजका लागि आएको ठोरी गाउँपालिकाका अध्यक्ष लाल बहादुर श्रेष्ठले जानकारी दिए ।
ठोरी घुम्न आउने भारतीय पर्यटकको संख्या बढ्दै गएपछि ठोरीलाई थप व्यवस्थित बनाईएको श्रेष्ठले बताए ।
ठोरीमा चितवन, बारा, पर्सा, रौतहटलगायतका जिल्लाका वासिन्दा समेत हिजै देखि पिकनिक मनाउन पुगेका छन ।
हरियाली पहाडले घेरिएको ठोरी तराईको आकर्षक पर्यटकीय गन्तव्य बनेको गाउँपालिकाका अध्यक्ष श्रेष्ठले बताए ।
ठोरीको राईधारा, सेतो पहाड, रातो पहाड, सिनेही पहाड, रानीवन, अमृतधारा, चिसापानी, सीतागुफा, वनशक्ति मन्दिर लगायतका पर्यटकीय क्षेत्रमा पर्यटकको भीड लाग्ने गरेको छ ।
नयाँ बर्ष मात्रै नभई हाल अन्य दिनमा समेत ठोरीमा दैनिक पाँच सयदेखि एक हजारको संख्यामा भारतीय पर्यटक आउने गरेको स्थानीय होटल व्यवसायी दिनेश नेपालले बताउनुभयो ।
ठोरीमा पर्यटकहरुलाई लोभ्याउन होमस्टे देखि रिसोर्ट सम्म संचालनमा आएका छन ।

# ईन्फोटेक कप २०७९ मा सत्यम विजयी




मधेशदृष्टि
वीरगंज, १७ पुस ।
नेशनल ईन्फोटेक कप २०७९ अन्र्तगत आइतवार भएको पहिलो खेलमा सत्यम पब्लिक कलेज विजयी भएको छ ।
नेशनल ईन्फोटेक कलेजले शनिवारदेखि आयोजना गरेको नेशनल ईन्फोटेक कपको दोस्रो दिनको पहिलो खेलमा डिएभी कलेजलाई ३८ रनले पराजित गर्दै सत्यम पब्लिक कलेज विजयी भएको हो ।
टस जितेर ब्याटिङ्ग रोजेको सत्यम पब्लिक कलेजले १९ ओभर १ बल खेल्दै सबै विकेट गुमाएर १ सय ७५ रनको लक्ष्य दिएको थियो । १ सय ७६ रनको विजय लक्ष्य लिएर मैदानमा उत्रिएको डिएभी कलेज १३७ रनमै समेटिएको थियो ।
निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय ३७ रनमा डिएभी समेटिएपछि सत्यम कलेज विजयी भएको नेशनल ईन्फोटेक कलेजका प्रबन्ध निर्देशक मनिष सिंहले बताउनुभयो ।
प्रतियोगितामा सत्यम पब्लिक कलेजका निकेश गुप्ता प्लेयर अफ दी म्याच घोषित भएको सिंहले जानकारी दिए ।
त्यसैगरी आज भएको दोश्रो खेलमा त्रिजुद्ध लाइ पराजित गरि इम्पेरियल कलेज विजयी भएको छ ।
त्रिजुद्धले पहिला व्याटिङ्ग गरी निर्धारित २० ओभरको खेलमा १० विकेटको क्षतिमा १ सय १२५ रन बनाएको थियो भने प्रतिउत्तरमा खेलेको इम्पेरियल कलेजले ८ विकेटको क्षतिमा २० ओभर खेलेर निर्धारित लक्ष्य पुरा गरी २ विकेटले विजयी भएको छ ।
प्रतियोगिताको म्यान अफ दि म्याच इम्पेरियलका विकास प्रसाद पटेल घोषित भएको आयोजक नेशलन इन्फोटेक कलेजका प्रबन्ध निर्देशक मनिष सिंहले जानकारी दिए ।

# पहिरन माथि टिप्पणी गर्नेहरु 'बौद्धिक गरिव' : साह

विनय कर्ण
सप्तरी, १७ पुस ।
मिथिलामा नयाँ दुल्हीले लगाउने जस्तै पहिरनमा सपथ लिन पुगिन् नव निर्वाचित प्रदेशसभा सदस्य किरण कुमारी साह ।
उनी जनता समजवादी पार्टी बाट निर्वाचित समानुपातिक प्रदेशसभा सदस्य हुन् र आफ्नो मातृभाषा मैथिलीमा सपथ लिईन् । साहको सपथ ग्रहण बेलाका पहिरन यतिवेला उनको पार्टी भित्र र बाहिर पनि चर्चाको विषय बनेको छ ।
मिथिला संस्कृती र मैथिली भाषीहरुले साहको पहिरन प्रति गौरवान्वित भएको प्रतिक्रिया दिएका छन् भने कतिपय दलका नेता कार्यकर्ताले उनको पहिरन माथि टिप्पणी समेत गरेको छ ।
मैथिली साहित्य परिषद् सप्तरीका अध्यक्ष सत्तिश कुमार दत्तले प्रदेशसभा सदस्य साहको पहिरन टिप्पणी गर्ने विषय नै नभएको बताउँछन् । उनले त्यस्ता व्यक्तिहरु संग कुनै एजेण्डा नहुँदा भाषा र पहिरनको विवाद ल्याएर सस्तो लोकप्रियता कमाउन खोजेको तर्क गरे । "साहको पहिरन माथि नकारात्म टिप्पणी गर्नेहरुको घरमा कुनैपनि सांस्कृतीक कर्म हुँदा महिलाहरु सोही पहिरनमा हुन्छन्, त्यतातिर पनि हेर्न आग्रह गर्दछु" दत्तले भने ।
दुल्ही झै सज्जिएर सपथ लिएको प्रति नकारात्म टिप्पणी गर्नु उचित नभएको बताउँछिन् प्रदेशसभा सदस्य साह । आफू मिथिलाको छोरी बुहारीले लगाउने पहिरनमा सपथ लिएको बिषयलाई उत्तेजित बनाएर नकारात्मक दृष्टिले हेर्नु गलत भएको उनले बताईन् ।
"मिथिलाको मौलिकता झल्किने, मिथिलानी नारीले लगाउने पहिरनमा सपथ लिएर सम्पुर्ण मिथिलाको नारीको प्रतिनिधित्व गरेको छु, यता टिप्पणीकारहरुले राजनीतिक मञ्चलाई रंगमञ्च बनाउन खोजेको छ भन्छन्" उनले भनिन् "मैथिली भाषालाई मधेशी भाषा भनेर आक्रमण गर्ने प्रयास गरिए झैं मेरो पहिरन माथि टिप्पणी गरेर मिथिला संस्कृती माथि आक्रमणको प्रयास भएको छ ।"
११ पुसमा प्रदेशसभा सचिवालय मधेश प्रदेशले जारी गरेको सूचनामा "राष्ट्रिय पोशाक वा आ-आफ्नो सांस्कृतीक पहिरन झल्कने पोशाकमा उपस्थितिका लागि सम्पूर्ण माननिय सदस्यहरुलाई अनुरोध गर्दछु" भनिएको छ ।
जनमत पार्टीका केही व्यक्ति र उस्तै मानसिकता भएका अन्य व्यक्तिहरुले आफ्नो पहिरन माथि टिप्पणी गरेको उनको आरोप छ ।
"विश्वमै कतै आस्तिवमा नरेका मधेशी भाषाको नाम दिएर मैथिली लगायत अन्य मातृभाषा माथि समेत प्रहार गर्नेहरुलाई मिथिलानी नारीको पहिरन सुहाएन तर म आफ्नो मातृभाषा मैथिली र मिथिला संस्कृती पहिरन माथि गौरव गर्छु, त्यसैले मिथिला पहिरन र मैथिली भाषामा सपथ लिएको हुँ" साहले भनिन् । आफ्नो पहिचान, भाषा र संसकृतीकै रक्षा गर्न संघीयता आएको प्रसंग उल्लेख गर्दै यस्ता नकारात्मक टिप्पणी गर्नेहरु बौद्धिक गरिव भएको साहको जिकिर छ ।




# बारामा धोती दिवस मनाइयो



मधेशदृष्टि
वीरगंज, १७ पुस ।
धोती पहिरन हाम्रो पचिान, धोती पोशाक प्रदेश दुईको शान नारा लगाउँदै बाराको सदरमुकाम कलैयामा आईतवार धोती दिवस मनाइएको छ ।
मधेशको संस्कृती झल्किने धोती पहिरन लोप हुँदै गई रहेको भन्दै त्यसको संरक्षण गर्न कलैयामा धोती दिवस मनाइएको हो ।
मधेशको पहिचान, पूर्वजको स्वाभिमान तथा मधेशीको पहिरन समाजको सम्मान, मधेस प्रदेशमा अधिकाँश मधेसीहरुकोबाहुल्यता रहेकाले, यो मधेस प्रदेशको पहिरन धोती अनिवार्य हुनुपर्ने, आजको दिन धोती दिवस, यो प्रदेशमा लागु हुनुपर्ने लगायतको नारा सहभागिहरुले लगाएका थिए ।मधेसीहरुको परम्परागत विवाह, ब्रतबन्ध, श्राद्ध, कुल देउता र जुनसुकै पुजापाठ तथा पर्वमा अनिवार्य धोती लगाउने भएकाले, बर्षको एक पटक आजको दिन धोती लगाउन सबै मधेसीलाई पूर्व संबिधान सभा सदस्य प्रमोद गुप्ताले अनुरोध गरे । मधेसीहरु धोतीको पहिरनले विश्वमा चिनिएका तथा धोतीको पहिरन लोप हुँदै गईरहेकाले यसको जगेर्ना गर्न आजको पुस्ताका युवाहरुलाई मधेसको पहिचान बचाउन लोजपाका केन्द्रिय सदस्य श्याम प्रसाद गुप्ताले सबैमा आग्रह गरे ।
धोती दिवस कार्यक्रममा जिल्लाका महेन्द्र मण्डल, जीतेन्द्र मण्डल, बिनोद यादव, पंडित रमेश मिश्र शास्त्री, दरवारी पडित लगायतकाहरु धोती लगाएर सहभागि भएका जनता समाजवादी पार्टीका केन्द्रिय पार्षद एवम् देवताल गाउँपालिका १ फुलवरियाका वडा अध्यक्ष अरुण कुमार सिंहले बताए ।
ईस्वी सम्वत २०१५ देखी शुभारम्भ गरिएको धोती दिवस कलैयाको बर गाछी चोकबाट सुरु भई नगर परिक्रमा गरी भरत चोकमा आएर सम्पन्न भएको थियो ।

# फोहोर फाल्ने कुमारी बैंकलाई कारवाही



मधेशदृष्टि
वीरगंज, १७ पुस । बैंकहरुले जथाभावी फोहोर फाल्दा वीरगंजको सरसफाईमा चुनौति थपिएको छ ।
आदर्शनगर क्षेत्रमा रहेका बैंकहरुले सडकमै जथाभावी फोहोर फालिदिने गर्दा सफाइमा चुनौति थपिएको हो ।
वीरगंज महानगरपालिकाले नगर हरियाली तथा सरसफाई गर्ने अभियान चलाईरहेको समयमा बैंकहरु भने सडकमा जथाभावी फोहोर फाल्दै हिँड्दा सफाईमा चुनौति थपिएको महानगरका सरसफाई तथा वृक्षारोपण संयोजक जयप्रकाश खेतानले बताए । महानगरले नगर हरियाली र सफा बनाई राख्न अहिले सडक, नाला तथा फुटपाथमा राखिएका निर्माण सामग्री तथा भौतिक संरचना हटाउने र फोहोर व्यवस्थापन गर्ने अभियान नै चलाईरहेको छ। सडकमा जथाभावी फोहोर फाल्नेलाई आइतबारबाट कारबाहीको दायरमा ल्याउन लागिएको संयोजक खेतानले बताए । आइतबार पहिलो दिन आदर्शनगरको एनसीसी कुमारी बैंकलाई कारबाही गरिएको छ । बैंकले सडकमै जभावी फोहोर फालिरहेको अवस्थामा फेला परेपछि जरिवाना गरिएको हो । पहिलो दिन भएकाले बैंकलाई ५ सय रुपैयाँ जरिवाना गरिएको पनि खेतानले बताए । वीरगंजलाई सफा, स्वच्छ र हराभरा बनाउन सबैको सहभागितामा मात्रै संभव रहेकाले यसलाई अटेर गर्दै फोहोर गर्नेलाई कारबाही गर्न लागिएको हो । अबदेखि सडकमा जथाभावी फोहोर गरेको भेटिए जो कोहीलाई पनि कारबाही गरिने गरी संयन्त्र परिचालन गरिएको महानगरपालिकाका सरसफाई प्रमुख सरफुद्धिन मियाँले बताए । बीरगंज महानगरपालिकामा नयाँ नेतृत्व आएसँगै सरसफाई, वृक्षारोपण, सडक अतिक्रमण हटाउने कार्यलाई तिव्रता दिएको छ ।

# महतो परिवारलाई आर्थिक सहयोग



मधेशदृष्टि
महोत्तरी, १७ पुस । वैदेशिक रोजगारमा ज्यान गुमाएका धनबीर महतोको परिवारलाई एक संस्थाले आर्थिक सहयोग गरेको छ ।
बर्दिवास नगरपालिका -१२ बिजलपुरा निवासी मृतक धनवीर महतोका बुवा पिताम्बर महतोलाई बिजलपुरा युवा समाज सेवा संस्थाले आर्थिक सहयोग गरेको छ ।
करिब दुई वर्षअघि मलेसिया गएको थियो र मलेसियामा कम्पनीमा मेसिन चेक गर्ने बेला अकस्मात मेसिन चलेपछि त्यसमा च्यापिएर कात्तिक २९ गते उनको मृत्यु भएको थियो । धनवीरको शव मंसिर ९ गते बन्द बाकसमा घर ल्याइएर दाहसंस्कार गरिएको थियो ।
घरको जेठो छोरा रहेको धनबिर कै सहारामा घर परिवार चल्दै आएको थियो र उनको मृत्यु पछि परिवारको अवस्था निकै कमजोर भएको कारण यस संस्थाले ५ हजार ५५ रुपैया सहयोग गरेको बिजलपुरा युवा समाज सेवा संस्थाका कोषाध्यक्ष उपेन्द्र राउतले बताएका छन् ।

# जिप्रका पर्सामा वृक्षारोपण



मधेशदृष्टि
वीरगंज, १७ पुस । अंग्रेजी नयाँ बर्षको अवसर पारेर आइतवार ग्रिनसिटी सामुदायिक सेवा केन्द्र को आयोजनामा जिल्ला प्रहरी कार्यालय पर्साको परिसरमा वृक्षारोपण गरिएको छ । सामुदायिक केन्द्रका अध्यक्ष जय प्रकाश खेतानको अध्यक्षतामा आयोजित वृक्षारोपण कार्यक्रमको सुभारम्भ जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरिक्षक कोमल शाहले गरेको थियो । सो अवसरमा प्रहरी कार्यालय परिसर भित्र विभिन्न प्रजातिका ७५ वटा विरुवा रोपिएको थियो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय पर्साका डिएसपी दिपक गिरी, पर्साका ट्राफिक प्रमुख ध्रुव प्रसाद दाहाल, विर्ताका प्रहरी निरिक्षक विशाल मल्ल, मुर्ली जलान, महेश सिंह धामी, वीरगंज महानगरपालिकाका सरसफाई प्रमुख सरफुद्दिन मिया, कमल चौगाई लगायतको उपस्थिति रहेको थियो।

# पिकअप भ्यान दुर्घटनामा एकको मृत्यु, ३ घाइते

मधेशदृष्टि
वीरगंज, १७ पुस । नयाँ बर्षमा पिकनिक मनाउन बीरगंजबाट मकवानपुर गएको पिकअप भ्यान दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने ८ जना घाइते भएका छन ।
त्रिभुवन राजपथ अन्तर्गत भिमफेदी-२ भैसे आँपचौर नजिक दुर्घटना भएको थियो। हेटौंडाबाट थाहा नगरपालिकातर्फ जाँदै गरेको ना ४ च ९४१ नम्बरको पिकअप भ्यान आफै अनियन्त्रित भई दुर्घटना हुँदा बारा जिल्ला विश्रामपुर गाउँपालिमा-३ बस्ने अन्दाजी २० वर्षका राहुल कुमार पण्डितको ज्यान गएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । दुर्घटनामा घाइते भएका पण्डितको उपचारको क्रममा हेटौडा अस्पताल मृत्यु भएको प्रहरीले जनाएको छ । त्यसैगरी, दुर्घटनामा सोही स्थान बस्ने २७ बर्षीय अजय चौरसिया, भारतको झारखण्ड घर भएका ३६ बर्षीय विजय दास, पर्सा बिरगंज महानगरपालिका १७ बस्ने १८ बर्षीय सुमित गुप्ता, पर्सा बहुदरमाई -५ बस्ने २६ बर्षीय दिनानाथ प्रसाद रहेका छन् । सो दुर्घटनामा बारा विश्रामपुर-३ मुसरहवा बस्ने अन्दाजी १८ बर्षीय सिबजी साह, सोही स्थानका अन्दाजी १८ बर्षीय धिरज चौरसिया र १७ बर्षीय पप्पु कुमार गुप्ता तथा पर्साको बहुदरमाई ५ बस्ने अन्दाजी २८ बर्षीय उमेश कुशवाहा सहितका समेत घाइते जिल्ला प्रहरी कार्याल मकवानपुरका प्रहरी नायव उपरिक्षक टेकबहादुर कार्कीले जानकारी दिएका छन । घाइते सबैको हेटौंडा अस्पतालमा उपचार भइरहेको र अवस्था मध्यम रहेको उनले जानकारी दिंदै पिकअप चलाक भने फरार रहेको र खोजी कार्य भइरहेको जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल